साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १४, ● पूर्णाङ्क २९२, ● अंक ८ ● २०७९ साल पुस १६-३० गते (31 December , 14 January, 2023) ● मूल्य रु. १०

# देउवाले समेत झुक्याए भारतलाई



- पुस १० गते एमाले–माओवादी केन्द्रबीच प्रचण्डलाई प्रधानमन्त्री बनाउने सहमति भएसँगै भारतका सञ्चारमध्यमले यो चीनले बनाएको सरकार हो भन्न थाले। अमेरिकालगायतका अन्य अन्तराष्ट्रिय सञ्चारमाध्यममा पनि सोही अनुसारको समाचार सम्प्रेषण भए । नेपालमा पनि सोहीअनुसारको विश्लेषण सुरु भयो।
- नेपालमा वामगठबन्धनको सरकार बनाउने माहोल तयार गर्न उहाँ चीन जानुभएको थियो।' उहाँ पहिलो पनि त्यहाँ उपचार गराएको कारण फ्लोपमा जानु नै भएको हो।

जब देशमा सरकार परिवर्तन हुन्छ अनि आरोप लाग्छ विदेशी शक्तिको । यो सरकार फलानो देशले बनाएको हो, त्यो सरकार फलानो सरकारले बनाएको हो भनि चर्चा हुन थाल्छन् । चाहे त्यसमा कुनै देशी विदेशी शक्तिको हात होस् या नहोस् । यसपटक पनि त्यस्तै भयो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा गठन भएको सरकार चीनले बनाएको चर्चा हुन थालेको छ ।

पुस १० गते एमाले-माओवादी केन्द्रबीच प्रचण्डलाई प्रधानमन्त्री बनाउने सहमति भएसँगै भारतका सञ्चारमध्यमले यो चीनले बनाएको सरकार हो भन्न थाले । अमेरिकालगायतका अन्य अन्तराष्ट्रिय सञ्चारमाध्यममा पनि सोही अनुसारको समाचार सम्प्रेषण भए । नेपालमा पनि सोहीअनुसारको विश्लेषण सुरु भयो । जब माओवादीका अध्यक्ष प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । सबभन्दा पहिले नेपालस्थित भारतीय दूतावासका भारतीय राजदूत नविन श्रीवास्तवको शुभकामना उहाँलाई गयो ।

त्यस लगतै राती भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीट गरेर आफ्ना समकक्षी प्रधानमन्त्री प्रचण्डलाई शुभकामना तथा बधाई दिनुभयो । त्यति मात्र होइन, पुस ११ गते भारतीय राजदूत नविन श्रीवास्तव खुमलटारमै गएर प्रधानमन्त्री प्रचण्डलाई भेटेर शुभकामना दिनुभयो । त्यसको भोलीपल्ट अर्थात पुस १२ गते प्रधानमन्त्री प्रचण्डले एक भारतीय टीभी च्यानेलमार्फत उहाँले आफ्नो पहिलो विदेश भ्रमण भारतबाट नै हुने घोषणा पनि गर्नुभयो । पुस १४ गते भारतीय विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता अरिन्दम बाग्चीले नेपालमा गठन भएको नयाँ सरकारसँग भारतले मिलेर काम गर्न चाहेको प्रतिकृया दिनुभयो । पुस १५ गते भारतीय दूतावासका राजदूत श्रीवास्तव प्रधानमन्त्री कार्यालयमा गएर प्रधानमन्त्री मोदीको शुभकामना सन्देश हस्तान्तर गर्नुभएको छ ।

यी सब घटनाक्रम हेर्दा भारतको इच्छा विपरित प्रचण्ड नेतृत्वको सरकार बनेको हो भनि अनुमान लगाउन गाह्रो छ । तैपनि चीनको गतिविधि र सक्रियताले यो चीन समर्थक सरकार हो भनि सोच्न सबैलाई बाध्य बनाएको छ । माओवादी केन्द्रका नेता वर्षमान पुन उपचारका लागि चीन जानु भएको थियो । माओवादीका स्रोतहरु भन्छन्, 'उहाँ उपचारका लागि मात्र चीन जानु भएको होइन । नेपालमा वामगठबन्धनको सरकार बनाउने माहोल तयार गर्न उहाँ चीन जानुभएको थियो ।' उहाँ पहिलो पनि त्यहाँ उपचार गराएको कारण फ्लोपमा जानु नै भएको हो । उहाँ त्यहाँको अस्पतालमा भर्ना भएर उपचार गराएकै हो तर अस्पतालमा जुन किसिमले चिनियाँ एजेण्ट र प्रतिनिधिको चहल पहल थियो त्यसले यो अनुमान लगाउन गाह्रो हुँदैन कि वर्षमान पुन सिर्फ त्यहाँ उपचार गराउन जानु भएको हो ।

चीनमा उहाँको उपचार चलि नै रहेको थियो । तर नेपालमा काँग्रेसका सभापति शेरबहादुर देउवाकै नेतृत्वमा सरकार बनिरहेको छ भनि थाह पाएर उहाँ अस्पताल छाडेर नेपाल फर्किनु भएको हो । उहाँलाई त्यहाँका डाक्टरले आउन दिइरहेको थिएनन् । अझै केही दिन आरामको आवश्यकता छ भनि रोक्न कोशिस पनि गरे तर नेता पुनले भनसुन गरेर नेपाल फर्किन सफल हुनुभयो ।


नेपाल आउने वित्तिकै उहाँको जुन किसिमको सक्रियता बढ्यो त्यसले धेरैलाई अच्चमित बनायो । चीनबाट उपचार गराएर आएका व्यक्ति केही दिन घरमा आराम गर्नुपर्ने हो तर उहाँले नेता तथा शक्ति केन्द्रहरुको घरदैलो धाउन थाल्नुभयो । चीनबाट आउने वित्तिकै सबभन्दा पहिले उहाँले एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट जानु भयो । त्यहाँ चीनको सन्देश सुनाउनुभयो । सोही भेटबाट एमालेका अध्यक्ष ओलीको मनमा परिवर्तन आएको माओवादी केन्द्रका नेताहरु बताउँछन् ।

त्यसपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, जसपाका अध्यक्ष उपेन्द्र यादव, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको दौडधुप एकदमै बाक्लिएको थियो । नेता पुनले विष्णु पौडेलदेखि लिएर पृथ्वी सुब्बा गुरुङलगायत नेकपा (एस) का पनि थुप्रै नेतालाई उहाँले भट्नुभयो । अन्त्यमा पुस ९ गते तत्कालिन प्रधानमन्त्री देउवालाई भेटेर माओवादीका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बनाउनु होस् नत्र अवस्था बिग्रन सक्छ भन्नुभएको थियो । तर देउवाले पुनको कुरालाई वास्ता गर्नुभएन, ठिक छ सल्लाह गरौला भनेर पठाई दिनुभयो । देउवालाईविश्वास थियो कि माओवादीका अध्यक्ष प्रचण्ड कुनै पनि हालतमा गठबन्धन छाडेर एमाले कहाँ जानु हुन्न किनभने एमालेले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई स्विकार गर्दैनन् । तर देउवाले के बिर्सिनुभयो कि नेता वर्षमान पुन भर्खर चीनबाट उपचार गराएर फर्किनु भएको छ र उहाँ फर्केपछि करिब हरेक शीर्ष नेतालाई भेटेर माहोला बनाई सक्नु भएको छ ।

एक दिनअघि नै तत्कालिन प्रधानमन्त्री देउवा विभिन्न च्यानेलमार्फत गठबन्धन टुट्नसक्छ भन्ने कुराको जानकारी पाउनु भएको

बाँकी पृष्ठ ८ मा


यस भित्र


बालकोटको बार्दली
● लेख, पृष्ठ ४


'मधेशमा जनमत पार्टीको प्रतिस्पर्धी कुनै दल छैन'
● अन्तरवार्ता, पृष्ठ ५


लोकस्टार रविराजको मुम्बईदेखि काठमाडौँसम्मको यात्रा
● मध्यपृष्ठ, पृष्ठ ६


सामन्था रुथ फिल्मबाट अलग
● पृष्ठ ९


संसदसम्म रेखा यादवको संघर्षमै यात्रा
● पृष्ठ १०

अभिमत

## सम्पादकीय


# कोरोनाभन्दा डर लाग्दो शितलहर

तराई मधेशमा शितलहरकै सुरूवातामा मान्छे मर्न थालेका छन् । पुसको पहिला हप्तामा मात्र मधेस प्रदेशका सिरहा, महोत्तरी, सर्लाहीलगायत चार जिल्लामा चिसोले कठ्यांग्रिएर पाँच जनाको मृत्यु भएको छ । सिरहाको गोलबजार नगरपालिका–८ चोहर्वा भाइजिटोलका ६० वर्षीय कोकवा महराको चिसोले कठ्यांग्रिएर मृत्यु भएको छ । महोत्तरीको गौशाला नगरपालिका–५ की ६५ वर्षीया रामपरीदेवी पासमान, सर्लाहीको हरिपुर नगरपालिका–९ पिडारी टोलका ५० वर्षीय राजेन्द्र चौधरी, सोही जिल्लाको हरिपुर नगरपालिका–६ बस्ने लक्ष्मीपुरका ८० वर्षीय रामभगत माझीको चिसोले कठ्यांग्रिएर मृत्यु भएको छ । त्यस्तै, सर्लाहीकै हरिवनमा चिसोबाट जोगिन आगो ताप्ने क्रममा जलेर सोही नगरपालिका–३ की ५५ वर्षीया गोरीमाया रखालको मृत्यु भएको हो । यो आँकडा पुसको पहिलो हप्ताको मात्र हो । यसरी यो आँकडाको हिसाब गर्ने हो भने कोरोनाभन्दा डर लाग्दो छ । तराई मधेशमा कोरोनामा पनि यसरी छोटो समयमा यतिका मान्छे मरेका थिएनन् । तराई मधेशमा शितलहरबाट मान्छे जति त्रसित छन् त्यति कोरोनाको समयमा पनि भएको थिएनन् । कोरोनाको समयमा मास्क लगाउने, सेनिटाइजर प्रयोग गर्ने, दुरी बनाएर बसेपछि त्यसबाट जोगिने सम्भावना हुन्थ्यो तर यो शितलहरबाट बच्ने कुनै पनि उपाय छैन ।

त्यसको कारण हो गरिबी । तराई मधेसमा हुने शीतलहरलाई गरिबी र आर्थिक अवस्थासँग जोडेर हेर्न सकिन्छ । शितलहरबाट मर्ने जति सबै गरिब हुन् । आर्थिक अवस्था राम्रो नभएका व्यक्तिहरूको नै ज्यान जाने गरेका छन् । कोरोनोको समयमा पनि यस्तो भइरहेको थिएन । कोरोनोको समयमा तीनै तहको सरकारले जनतालाई बचाउनका लागि प्रयास गरिरहेका थिए । सरकारले जनतालाई विभिन्न सहयोगहरू गरिरहेका थिए तर यो शितलहरमा सरकारीस्तरबाट कुनै ठोस पहल भएको पाइदैन । केही एनजीयोहरू केही व्यक्तिलाई केही थान कम्बल र लुगाफाटा बाँडेर फोटो देखाउने काम मात्र गरेका छन् । यसमा खास गरि स्थानीय सरकारले काम गर्नुपर्ने हो तर त्यति ध्यान नदिएको देखिन्छ । यो यसपटकको मात्र समस्या होइन । यो समस्या वर्षेणी आउने गरेका छन् । शितलहरका कारण प्रत्येक वर्ष मान्छे मर्ने गरेका छन् । अर्को वर्ष पनि यस्तै हुन्छ भन्ने कुरा सरकारलाई पनि थाह नभएको होइन । तर त्यसबाट जोगाउने पूर्व तयारी गरेको केही देखिदैन ।

टुटेफुटेका घरमा बसेका वृद्ध वृद्धाको मृत्यु हुने गरेको छ । लुगाफाटा नहुनेहरूको मृत्यु हुने गरेको छ । दमका रोगी, मुटु रोगी जो चिसो सहन नसकि उसको मृत्यु हुने गरेको छ । चिसो सुरू हुनुभन्दा त्यस्तो ठाउँ र व्यक्ति पहिचान गरी त्यसलाई न्यानो लुगा दिने, चिसोबाट बच्ने उपाय बताई दिने, घर टुटेफुटेको छ भने त्यसको मर्मत सम्भार गरि दिने, आगो बाल्नका लागि दाउराको व्यवस्था गरि दिने, चिसोबाट कसरी बच्ने जस्ता उपाय बताई दिने जस्ता काम सरकारले सुरूमै गर्‍यो भने मृत्य हुनबाट जोगाउन सकिन्छ । तर सुरूमा सरकार कानमा तेल हालेर बसेका हुन्छन् जब मान्छे भटाभट मर्न थाल्छन् अनि वजेट खोज्न थाल्छन् । कार्यक्रम बनाउन थाल्छन् । यी प्रकृया पुरा गर्दा गर्दै एक दुई महिना लाग्छ । त्यतिबेला मान्छे पनि मरि सकेका हुन्छन् र त्यो वजेट त्यतिकै यताउती खेर जान्छ । शीतलहरका कारण मधेसका विपन्न परिवार छटपटाइरहेका छन् । उनीहरु स्थानीय सरकारसँग बाक्ला लुगाफाटा र ओढ्ने ओछ्याउने कपडाको याचना गरिरहेका छन् । तर स्थानीय सरकार न्यानो कपडा जोरजाम गरिदिन कुनै चासो देखाइरहेको छैन । स्थानीय सरकारको उदासीनताले जाडोमा ज्यान बचाउन विपन्न र गरिबहरूलाई मुस्किल भइरहेको छ । मधेस प्रदेशअन्तर्गतका जिल्लाहरूका स्थानीय सरकार डिभिजन वन कार्यालयसँग दाउराका लागि बल्ल माग पत्र पठाउने तयारीमा छन् । यो मागपत्र सम्बन्धित ठाउँमा जाँदासम्म शितलहर नै समाप्त भइसकेको हुन्छ ।

## तथ्यांक आफै बोल्छ




## पाठक पत्र

saharatimes.com.np@gmail.com


सहारा टाइम्स
संघर्ष, स्वाभिमान र स्वावलम्बन
SAHARA TIMES NATIONAL FORTNIGHTLY
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
• वर्ष १४, • पूर्णाङ्क २५१, • अंक ७ • २०७९ साल पुस १-१५ गते (16 December, 30 December, 2022) • मूल्य रु. १०
• विद्यावारिधि ६ जना
• स्नातकोत्तर ५१ जना
• स्नातक ५९ जना
• कक्षा १२ पास २१ जना
• एसईई १८ जना
• एसईई भन्दा कम ७ जना
• उल्लेख नगरिएको ३ जना
जम्मा १६५
कति पढेका छन् नयाँ सांसदहरू

### बिचारको दरिद्रता

सुरेशकुमार जी, तपाईले यत्रो लामो लेख (शंकाको घेराभित्र सिके राउत, वर्ष-१४, अकं-६) लेखेर ठूलो पत्रकार बन्छु भन्ने सोच्नु भाछ भने त्यो तपाईको विचारको दरिद्रता बाहेक अरू केही होइन । तपाईले यत्रो लामो लेखमा एउटा पनि प्रुफ हुने कुरा लेख्न सक्नु भएको छैन । यस्तो बकम्फुसे कुरा गरेर पाठकहरूलाई बर्गलाउन सक्छु भन्ने सोच्नु भाछ भने तपाईको विचारको दरिद्रता हो । तपाई भन्दा कैयौं गुणा ठूला पत्रकारहरूलाई सिके राउतजीले इन्टरभ्यु दिई सक्नु भएको छ ।

*बिलासी यादव (अनलाइनबाट)*

### नेताज्यु कहिलेसमम बेवकुफ बनाउने हो ?

माओवादी र जनता समाजवादी पार्टी परिवर्तनको नाममा कहिलेसम्म जनतालाई बेवकुफ बनाउने हो (चुनावमा विदेशी शक्तिले मधेशमा नाङ्गो परेड खेल्यो, वर्ष-१४, अंक-७) । जनता यिनीहरुको कुर्सी मोह हेरेकै हो । रह्यो कुरा जातिय राजनीति भएकै कारण २०७४ प्रतिनिधि सभामा उपेन्द्र यादव बाट र २०७९ को प्रदेश सभामा महेश यादवबाट पनि हार्नु भएको हो । २०७४ मा पहिलो चुनावमा राष्ट्रिय अध्यक्षको नाताले उपेन्द्र यादवलाई जनताले चुने यो पल्ट जनमतको लहरले हारे ।

*प्रभाकर शाह (अनलाइनबाट)*

### विदेशको हात छैन

सब हावा कुरा गर्नु भको हो उहाँले । किनभने अब जनता मूर्ख र अशिक्षित रहेनन् देशी र बिदेशी शक्तिले चाहेर पनि जनतालाई बेवकुफ बनाउन सक्दैन । यसपाली जनताले आफ्नो चाहेका नेताहरुलाई छानेका छन् । यस्ता कुरा गर्ने नेताहरु ज्युले पदमा भएका बेला आफ्नो व्यक्तिगत विकास मात्रै गरे अनि जनताले पनि नेतालाई बदलि दिए । यसमा कुनै देशी वा बिदेशी शक्तिको कुनै हात छैन । सब भ्रम मात्रै फैलाइरहेको हो ।

*डेभलोपमेन्ट ब्याचलर (अनलाइनबाट)*

संविधानमा नै सांसदका लागि शैक्षिक योग्यता तोक्नु पर्छ । सांसदका लागि मात्र नभएर पालिकाका जनप्रतिनिधिका लागि शैक्षिक योग्यता तय गर्नुपर्छ । जो पढेका लेखेका छैनन् उ पनि राजनीतिमा आएर पढे लेखेकामाथि शासन गरेका हुन्छन् । त्यसले अन्यको मनोविज्ञानमा फरक पारेको हुन्छ । नपढेका व्यक्ति सांसद हुन पाइन्छ, मन्त्री हुन पाइन्छ, मुख्यमन्त्रीदेखि लिएर प्रधानमन्त्री बन्न पाइन्छ भने किन पढ्ने भन्दै मान्छेले पढाई लेखाई छाडेर राजनीतिमा लागेका हुन्छन् । चुनाव लड्नका लागि शैक्षिक योग्यता तोक्यो भने साक्षरको सँख्यामा अवश्य वृद्धि हुन्छ । जसले यो देशको नेतृत्व गर्न चाहन्छ, नीति निर्माणको ठाउँमा जान्छ त्यही व्यक्ति पढेको लेखेको हुँदैन भने त्यो देशको हालत यस्तै हुन्छ । जुन नेताले देशलाई साक्षर बनाउने अभियान चलाएका हुन्छन्, शिक्षा मन्त्रालयको नेतृत्व गरेका हुन्छन्, देशलाई शिक्षित बनाउनुपछ भन्न नथाक्ने नेता आफू चाहि पढे लेखेको हुँदैन । अरु कुनै ठाउँमा पढेलेखेको मान्छे गएको होस् या नहोस् तर संसदमा जानैपर्ने हुन्छ किनभने त्यहाँ जनताको शिक्षा, स्वास्थ्य, रोजगारको बारेमा नीति निर्माण गरिरहेका हुन्छन् ।

*विजय सहनी, बाँके, नेपालगञ्ज*

### सुनिताका संघर्ष

माओवादी जनयुद्धसँगै हुर्केका सुनिता यादव भनि आर्टिकल पढे । यो पढ्दा एकछिन त लाग्यो कि कुनै सत्यघटनामा आधारित फिल्म नै हेरिरहेको छु । यो पढेपछि केही लेख्नै मन लाग्यो । समानुपातिकबाटसुनिता यादवलाई प्रदेश सभामा समानुपातिक सदस्य बनाएको छ । पार्टीले न्याय गरेको जस्तो लाग्यो । सुनिता यादवको पुरै परिवार माओवादीका लागि योगदान दिएको हो । तीनजनाले त त्यान नै दिएका छन् । पार्टीले त्यसको मूल्यांकन गर्नुपर्छ । सुनिता यादवको जन्म जनयुद्ध र माओवादीकै लागि भएको हो जस्तो लाग्छ । जनताका लागि उहाँले संघर्ष गर्नुभएको थियो र अहिले पनि उहाँले जनताका लागि संघर्ष गरिरहनु भएको जस्तो लाग्छ ।

*मनिष गुप्ता, किर्तिपुर, त्रिवि, काठमाडौं*

## फेसबुक

# छैन मधेशी भाषा



**देवशंकर यादव**

नेपाली वा मधेशी भन्ने कुनै भाषा छैन । सत्ताका बलमा शासकले आफ्नो मातृ भाषा खस भाषालाई नेपाली भाषा भनी नामकरण गरेका कुरा जोसुकैले बुझ्केकै हुनुपर्द्छ । मैथिली, बज्जिका, भोजपुरी, अवधी, नेपाल, तामाङ, मगर लगायत नेपालमा १३१ (भाषा आयोग अनुसार ) मातृ भाषा रहेका छ्न । नेपालमा बसोबास गरिरहेका नागरिकहरुलाई नेपाली भनिए जस्तै नेपालमा बोलिने सम्पूर्ण मातृ भाषालाई यदि नेपाली भाषा भन्ने हो भन्ने मधेशमा बोलिने सम्पूर्ण मातृ भाषालाई मधेशी भाषा भन्न सकिए पनि यो भ्रमपूर्ण हुनुको साथै भाषा बिज्ञानको समेत विपरित रहेको छ ।

यहाँ भाषा, भूगोल, समुदाय बीचको अन्तर सम्बन्ध र भिन्नता बारे स्पष्ट हुन आवश्यक छ । भारत भूगोल हो भन्ने हिन्दी भाषा हो । नेपाल भूगोल हो भन्ने खस भाषा हो । अमेरिका भूगोल हो भने अङ्गेजी भाषा हो । फ्रान्स, स्वीजरल्याण्ड भूगोल हो भन्ने क्रमशः फ्रेन्च, स्वीस भाषा हो । कुनै निश्चित भूगोलमा एक वा एक भन्दा बढी हुन सक्दछ । भारतको पश्चिम बङ्गाल बङ्गाली, पञ्जाव, पञ्जाबी आदि भाषाको आधार नामाकारण गरिएको छ भने मध्य प्रदेश, उत्तर प्रदेश भौगोलिक अवस्थितिको आधारमा, विहार एतिहासिक विशेषताको आधारमा नामाकरण गरिएको छ ।

नेपालमा बागमती, गण्डकी, कर्णाली नदिको नामबाट, सुदुरपश्चिम भौगोलिक अवस्थिति, लुम्बिनी एतिहासिक र मधेश, मधेसी समुदाय/जातीय (Nationality) को आधारमा प्रदेशको नामाकरण गरिएको हो । अर्थात फरक फरक विशेषता आधारामा नामाकरण गरिएको हुन्छ । भारतको बङ्गाल, पञ्जाब प्रान्तको भाषा बङ्गाली, पञ्जावी भाषा भए जस्तै बागमती प्रदेशमा बोलिने सबै भाषा बागमतीय भाषा हो भन्नु हास्यास्पद हुन जान्छ । मधेश प्रदेशभित्र मधेशी (Nationanality) हरुले विभिन्न भाषा बोल्ने बहु भाषिक प्रदेश हो, यसको नामाकरण भाषाको आधारमा भएको होइन । अब मधेशमा एकमात्र भाषा बोलिने भएको भए उक्त भाषालाई मधेशी भाषा नामाकरण गर्न पनि सकिन्थ्यो होला । प्रत्येक भाषाको आफ्नै लिपि, व्याकरण र विशेषता रहेको सयौ वर्षको प्रयोगवाट भाषा अस्तित्वमा आएको हुन्छ । मधेशी भाषाको लिपि के हो, लिपि छ कि छैन ? कसैको लहडमा क्षण भरमा भाषा अस्तित्वमा आउन सक्दैन आदि कुराहरुको विचार नगरी बहुभाषिक प्रदेश मधेशमा बोलिने थरी थरी भाषालाई कुनै एक भाषा मधेसी भाषा नामाकरण गर्न खोज्नु दृष्टिकोण कै दोष हो । हेक्का रहोस, न त नेपाली, न त मधेशी भन्ने कुनै भाषा छ । राजनितीक वा भावनात्मक आधारमा भाषालाई जे सुकै नामाकरण गर्ने छुट जो सुकैलाई छ । फरक यति हो कि शासकले गरे वैधानिकता पाउछ, अरुले गरे राजनीतिक खपत बाहेक केही होईन ।



**बेचन यादव**

यो राजनीतिक निर्णय धेरैको लागि अनौठौ होलान् । तर म यसलाई स्वभाविक रुपमा मात्र हैन, निश्चय रुपमा नेपाली समाजको समाजिक संरचना तथा नेपाली समाजलाई अगाडि कसरी लाने सबालमा विचार निकट शक्तिहरुको विशुद्ध मिलनको रुपमा लिएको छु । म अस्ति नै देखि नेपाली राजनिति को Messi प्रचण्ड र Cristano ronaldo उपेन्द्र यादव हो । प्रचण्डले political penalty miss गर्दैन ? उपेन्द्र यादव यस्तो राजनीतिक व्यक्तित्व हुन् जसले हारेको बाजी जित्न सक्ने सामर्थ्य राख्छ । मेरो स्पष्ट राजनितिक भविष्यवाणी हुने गर्थ्यो । यसपालीको राजनीतिक संरचनाले प्रचण्डलाई प्रधानमन्त्री बन्ने योग देखाउदैछ । म त यतिसम्म भनेको थिए कि अगामी प्रधानमन्त्री प्रचण्ड हुनुहुनेछ । तर सहयोगीको हुनेछ, निश्चित छैन ?

*आखिर देश को लागि प्रचण्ड !*
*मधेश को लागि उपेन्द्र यादव ! !*

# दुई वर्षपछिको हिसाब किताब अहिलेदेखि !

नेकपा एमाले र माओवादी केन्द्रसहित विभिन्न सातवटा दल मिलेर अहिलेको सरकार गठन भएको छ । त्यसमा अझ माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई पनि सरकारमा सामेल गराउने प्रयास भइरहेको छ । १८३ सांसदसहितको दुई तिहाई बहुमतको सरकार बनाउन चाहन्छ । तर, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई समर्थन गरेका तथा सरकारमै सहभागी भएका दलहरुमाथि अविश्वास गरेको देखिन्छ ।

सरकारलाई समर्थन गरेका दलहरुले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिन्छन् कि दिँदैनन् भनि एक अर्कामाथि अविश्वास गरेको दिखिन्छ । त्यही भएर मन्त्रीपरिषद् विस्तार नभएको माओवादी केन्द्रका एक पदाधकारीले बताउनुभयो । पुस ११ गते प्रचण्डको नेतृत्वमा आठ सदस्यीय मन्त्रीपरिषद् गरेको छ । त्यसमा चारजना मन्त्रीको मन्त्रालय नै तोकेको छैन । मन्त्रालय नतोक्नुको एउटै कारण हो, अविश्वास । अहिलेको वर्तमान मन्त्रीपरिषद्मा माओवादी, एमाले, जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मात्र मन्त्री गएका छन् । यी दल तथा त्यसबाहेकका अन्य दलबाट थप मन्त्री पठाउन बाँकी नै छन् । अहिले नै मन्त्रालय तोक दिए भने अन्य दलहरु बिच्केला र विश्वासको मत नै नदेला कि भनि शंका प्रधानमन्त्री प्रचण्ड स्वयंले गर्नुभएको छ । हरेक दलले मालदार मन्त्रालयका साथै अन्य नियुक्तिमा भागबण्डा खोजेका छन् । सबैलाई हुन्छ-हुन्छ भनेका छन् यदि सबैलाई अहिले नै कुरा क्लियर गरिदिए भने विश्वासको मत लिने दिन ' डिस्टर्ब' हुनसक्ने अनुमान माओवादी केन्द्रले गरेको छ । त्यसैले संसदमा विश्वासको मत लिइसकेपछि मात्र मन्त्रीपरिषद् विस्तार तथा मन्त्रालय बाँडफाँट गरिने दाउमा प्रधामन्त्री प्रचण्ड रहनुभएको छ । आलोपालो गरी प्रधानमन्त्री बन्ने सहमति गरेका एमाले र माओवादीले दुई वर्षपछि के हुने हो भनि अहिलेदेखि नै हिसाब किताब सुरु गरेका छन् । दुई वर्षपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सहजरुपमा प्रधानमन्त्री पद छाड्लान् भन्ने कुरामा एमालेका नेताहरु आशंका गरिरहेका छन् । अन्तिम समयमा आएर जसरी माओवादीका अध्यक्ष प्रचण्डले काँग्रेसलाई धोका दिए, त्यसरी नै भोली गएर एमालेको साथ गर्न सक्दैन त्यसको ग्यारेन्टी नरहेको सो दलका नेताहरु बताउनु हुन्छ ।

दुई वर्षपछि माओवादी केन्द्रले पुनः काँग्रेससँग मिलेर सरकार बनाएर एमालेलाई बाहिर राख्न सक्छन् भनि शंका ती पार्टीमा उब्जिएको छ । दुई वर्षपछि यस्तै परस्थिति रहने कुरामा एमालेका नेताहरु विश्वस्त देखिएका छैन । त्यस्तै शंका माओवादी केन्द्रका नेताहरुमा पनि देखिएको छ । सो पार्टीका नेताहरुले विश्वासको मत लिँदासम्म पनि राजनीतिक अवस्था यस्तै रहने कि न रहनेमा शंका गर्नुभएको छ । शक्ति केन्द्रहरुले काँग्रेससँग मिलेर प्रधामन्त्री प्रचण्डलाई संसदमा विश्वासको मत नै लिन नदिने गरी गृहकार्य सुरु गरेको छ । लोसपालाई अहिले सरकारमा जानबाट रोक्नुको कारण पनि त्यही हो ।

जसपाका कार्यकारिणी सदस्य एवं रुपन्देही-४ का सांसद सवेन्द्रनाथ शुक्लाले भन्नुभयो, 'हामीले परस्थिति हेरेर सरकारलाई समर्थन गर्ने नगर्ने विषयमा निर्णय गर्छौं ।' जनमत पार्टीका अध्यक्ष सिके राउत आफै सरकारमा नजानुको कारण पनि त्यही हो । भोलीको परस्थिति कस्तो मोड लेला त्यसबेला निर्णय गर्नका लागि सजिलो होस् भनेर सिके राउत आफू बाहिर बस्नु भएको सोही पार्टीका नेताहरु बताउनु हुन्छ । राजेन्द्र लिङ्देल नेतृत्वको राप्रपा र रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी बाहिरबाट समर्थन गर्नुले पनि त्यही कुराको संकेत गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामेछानेमाथि पनि विश्वास गर्ने अवस्था पनि नरहेको नेताहरु बताउँछन् ।

उपेन्द्र यादव नेतृत्वको जसपा पनि सरकारमा सहभागी भएको छैन । यी सब घटनाक्रम हेर्दा जुनसुकै बेला पनि यी दलहरु सरकारबाट आआफ्नो हात झिक्न सक्छन् र संसदमा विश्वासको मत लिने दिन नै प्रचण्ड नेतृत्वको सरकारलाई धरापमा पार्न सक्छन् कि भनि शंकाहरु भइरहेका छन् । यो परस्थितिलाई माओवादी केन्द्रका नेताहरुले पनि नकारेका छैनन् ।

# मधेश आन्दोलनको दुश्मनलाई प्रभुको साथ

२०६४ मा मधेश आन्दोलन भइरहँदा त्यसको प्रतिकारमा सर्लाहीका बद्री न्यौपानेले चुरे भावर राष्ट्रिय एकता पार्टी नेपाल गठन गर्नुभएको थियो । त्यही बद्री न्यौपाने अहिले प्रभु साहले पुस १४ गते गठन गर्नु भएको आम जनता पार्टीमा सामेल हुनु भएको छ । मधेशी जनअधिकार फोरम नेपाल जो अहिले जनता समाजवादी पार्टी बनेको छ । सो पार्टीले एमालेसँग गठबन्धन गर्दा प्रभु साह र बद्री न्यौपाने एमाले पार्टी छाडेर अहिले आम जनता पार्टी गठन गरेको छ । यहाँसम्म २०७४ मा एमालेका कारण सप्तरीमा भएको मलेठ घटनालाई बद्री न्यौपाने समर्थन गर्दै सो घटनामा उहाँले मधेशी दललाई दोषी देखाउनु भएको थियो । तत्कालिन सरकारले मधेशी दलको आग्रहमा संविधान संशोधनको विधेयक ल्याएपछि एमाले त्यसको विरोधमा थियो । बद्री न्यौपानले पनि पत्रकार सम्मेलन गरेर नै त्यसको विरोध गर्नुभएको थियो । पछि बद्री उहाँले चुरे भावर लिएर केपी शर्मा ओली नेतृत्वको एमालेमा प्रवेश नै गर्नुभएको थियो ।

बद्री न्यौपाने त्यतिबेला एमालेमा प्रवेश गर्नुभयो, जतिबेला एमालेले मधेश आन्दोलनलाई गाली गरिरहेको थियो । एमालेका अध्यक्ष ओलीले मधेश आन्दोलनप्रति नकारात्मक टिकाटिप्पणी गरिरहनु भएको थियो । त्यतिबेला बद्री न्यौपाने एमालेमा प्रवेश गर्नुभएको थियो । र, जतिबेला जसपा (फोरम) र एमालेले गठबन्धन बनाए त्यतिबेला बद्री न्यौपाने सो पार्टी छाडेर हिड्नु भयो ।

यसरी हेर्दा जसपा अर्थात मधेशी जनअधिकार फोरम नेपालसँग बद्री न्यौपानेको दुश्मनी आजको मात्र होइन, २०६४ साल देखिको हो । तत्कालिन फोरमको अगुवाईमा भएको मधेश आन्दोलनमार्फत मधेशी जनताले आफ्नो हक, अधिकार र पहिचानका लागि सकडमा संघर्ष गरिरहेका थिए । त्यसको विरुद्धमा बद्री न्यौपानेले चुरे भावर पार्टी गठन गर्नुभएको थियो । सोही पार्टीमार्फत आन्दोलनकारीमाथि प्रतिकार गराउने काम उहाँले गर्नुभएको थियो । ठाउँ ठाउँमा मधेशका आन्दोलनकारी र चुरे भावर पार्टीका कार्यकर्ताको बीचमा झडप पनि हुन्थ्यो । भनिन्छ, मधेशको आन्दोलन समाप्त गर्नका लागि तत्कालिन सरकारले नै बद्री न्यौपानेलाई चुरे भावर पार्टी गठन गर्न लगाएको थियो । माओवादीको जनयुद्धको समयमा तत्कालिन सरकारले जसरी ठाउँ ठाउँमा प्रतिकार समूह गठन गर्न लगाएको थियो । त्यसरी नै मधेश आन्दोलनको समयमा बद्री न्यौपानेलाई अघि सारेको थियो ।

मधेशी आन्दोलनकारीमाथि चुरे भवरको कार्यकर्ताले प्रतिकार गरिरहँदा त्यसमा सरकारको अप्रत्यक्ष सहयोग रहेको प्रत्यक्ष देखिएको थियो । आन्दोलनकारीमाथि चुरे भवरका कार्यकर्ताले ढुगांमुढा गरिहँदा प्रहरीले पनि साथ दिइरहेको प्रत्यक्ष देखिएको थियो । जहाँ आन्दोलनकारीमाथि राज्यबाट दमन भइरहेको थियो । त्यही राज्यले बद्री न्यौपानेलाई सुरक्षा दिइरहेको थियो । संविधान सभाको चुनावपछि बनेको सरकारमा उहाँ मन्त्री पनि बन्नुभएको थियो । त्यही बद्री न्यौपाने अहिले पनि जसपाको विरुद्धमा आम जनता पार्टी गठन गर्नुभएको छ ।

# लोसपामा नेतृत्व परिवर्तनका लागि खासखुस

मंसिर ४ गते सम्पन्न भएको चुनावबाट महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी राष्ट्रिय पार्टी बन्नबाट बन्चित भएपछि सो पार्टीमा नेतृत्व परिवर्तनको चर्चा सुरु भएको छ । महन्थ ठाकुरले पार्टीलाई राम्रोसँग सञ्चालन गर्न सक्नुभएन । लोसपा बनेको एक वर्ष बित्दा पनि संगठन निर्माण गर्न सक्नु भएन । पार्टीभित्र जिम्मेवारी बाँडफाँट गर्न सक्नु भएन जस्ता आरोप लगाएर अब सो पार्टीको नेतृत्व नै परिवर्तन गर्ने हो कि भनि पार्टी कार्यालय र त्यसबाहिर  खासखुस सुरु भएको छ ।

महन्थ ठाकुर उमेरले पनि डाँडा काटिसक्नु भएको छ । उमेरका कारण पनि उहाँ सक्रिय हुन सकिरहनु भएको छैन । चुनावको समयमा उहाँ स्वयंले पनि आफ्नो यो अन्तिम चुनाव हो भन्नुभएको थियो । यी सबै कुराले गर्दा महन्थ ठाकुरलाई पार्टीमा अभिभावकको भूमिकामा राखेर अरु कसैलाई कार्यकारी भूमिका दिएर लोसपालाई चलायमान बनाउने हो कि भनि अनौपचारिक सरसल्लाह भइरहेको छ । सर्लाही-२ बाट चुनाव हार्नुभएका लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले अध्यक्ष ठाकुरको विकल्प खोजि रहनु भएको छ । पार्टी क्रियाशिल नभएको, संगठित नभएको कारण आफू चुनाव हारेको नेता महतोको बुझाई रहेको छ । उहाँले आफ्ना निकट नेताहरुसँग अब लोसपा यही तरिकाले चल्न सक्दैन । यहीं तरिकाले पार्टी चल्यो भने आफू त्यहाँ नरहन पनि सक्छु भन्ने कुराको संकेत पनि दिइसक्नु भएको छ । बाहिर बाहिर उहाँले आफ्ना पुराना सद्भावना पार्टीका नेताहरुसँग लोसपाको विकल्पमा कुरा पनि गर्न थाल्नु भएको छ । त्यो कुराको छनक लोसपाका अध्यक्ष महन्थ ठाकुरले पनि पाइसक्नु भएको छ ।

अध्यक्ष ठाकुर निकट नेताहरुले बरु राजेन्द्र महतो पार्टी छाडेर जाओस् तर अहिले नै ठाकुरलाई कार्यकारीबाट हटाउन नसकिने तर्क गरिरहनु भएको छ । अध्यक्ष ठाकुर अझै पनि पाँच-दश वर्ष पार्टी चलाउने अवस्थामा रहनु भएको ती नेताहरुको दावी छ । तर राजेन्द्र महतो निकटका नेताहरुले अध्यक्ष ठाकुरको विकल्प खोज्ने बेला भइसकेको बताइरहनु भएको छ । महन्थ ठाकुरलाई पार्टीबाट बाहिर राख्ने होइन, उहाँलाई पनि सम्मानपूर्वक अभिभावक जस्तो पार्टीमा राख्ने तर कार्यकारी भूमिकामा अरु कसैलाई जिम्मेवारी दिन सकिने तर्क भइरहेको छ । त्यसका लागि राजेन्द्र महतो पनि तयार हुनुहुन्छ । नेता राजेन्द्र महतोले अध्यक्ष महन्थ ठाकुरपछिको नेता आफूलाई मानिरहनु भएको छ तर सो पाटीमा उहाँको केही चलिरहेको छैन । अध्यक्ष ठाकुरलाई राखेर नै उहाँ सो पार्टीमा कार्यकारीको भूमिकामा आउन चाहनु भएको छ तर ठाकुर निकट नेताहरुले अहिले त्यस्तो अवस्था सृजना नभएको भन्दै आउनु भएको छ ।

## फरकमत

# कसले कसलाई दिए धोका ?



**सुनैनाकुमारी यादव**

नेपालको राजनीतिक नाट्कीय रुपले परिवर्तन भएको छ । पुस १० गते मध्यान्ह अचानक देशको राजनीतिकले कोल्टो फेर्‍यो । सत्ता सहकार्यका लागि अन्तिम संवाद भन्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड विहान साढे नौ वजे प्रधानमन्त्री निवास बालुवाटार पुग्नु भएको थियो । केही समयपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र सो पार्टीका वरिष्ठ नेता झलनाथ खनाल पनि पुग्नुभयो ।

त्यतिबेलासम्म प्रचण्ड र तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको बीचमा कुराकानी लगभग भइसकेको थियो । तत्कालिन प्रधानमन्त्री देउवाले माओवादी केन्द्रलाई राष्ट्रपति र प्रधानमन्त्रीमध्ये कुनै पनि दिन तयार हुनुभएन । अध्यक्ष प्रचण्डले पटक पटक आलोपालो प्रधानमन्त्री बनाउँदा पहिलो चरणमा माओवादीलाई दिने भएको सहमति सम्झाई रहनु भएको थियो । तर देउवाले सुरुमा आफू बन्ने त्यसपछि माओवादीलाई दिने अडानमा बस्नु भयो । माओवादी प्रचण्डले जति भन्दा पनि देउवा नगलेपछि खाना खान जाने बाहानामा साढे १२ वजे बालुवाटारबाट उहाँ निस्किनु भयो ।

देउवाले सुरुकै चरणमा प्रधानमन्त्री नदिने कुराको छनक प्रचण्डले थाह पाइसक्नु भएको थियो । त्यही भएर उहाँ सुरुदेखि नै एमालेका अध्यक्ष केपी शर्मा ओलीसँगको संवादमा हुनुहुन्थ्यो । पुस १० गते पनि उहाँ बालुवाटार जानुअघि एमालेका अध्यक्ष केपी शर्मासँग आफ्ना दोस्रो तहका नेताहरुलाई संवाद सुरु गराई सक्नुभएको थियो । माओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङ एमालेका नेताहरुसँग छलफल सुरु गरिसक्नु भएको थियो । त्यो दिन बालुवाटार र बालकोटमा सँगसँगै संवाद सुरु भएको थियो । जुन कुराको भेउ तत्कालिन प्रधानमन्त्री देउवाले पाउनु भएको थिएन । माओवादीका नेताहरु एमालेका नेताहरुको टचमा रहेको कुरा देउवालाई थाह थियो तर माओवादीले गठबन्धन नै छाडेर जाने कुरामा उहाँलाई अलिकति पनि विश्वास थिएन ।

यो विश्वास दिलाउनु भएको थियो काँग्रेसका नेता विमलेन्द्र निधिले । तत्कालिन प्रधानमन्त्री देउवाले पुस ९ गते आफ्नो दूतको रुपमा निधिलाई एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न पठाउनु भएको थियो । माओवादी केन्द्रले धोका दियो भने एमाले र काँग्रेस बीचको सरकार बनाउनुपर्छ भनि एमालेका अध्यक्ष ओलीसँग कुराकानी गर्नुभएको थियो । ओलीले ढुक्क हुनुस् एमाले र काँग्रेस गठबन्धनकै सरकार बन्छ त्यसको तयारीमा तपाईहरु लाग्नुस् । माओवादीलाई सरकारभन्दा बाहिर राख्नुपर्छ भनेर निधिलाई पठाउनु भएको थियो ।

त्यसपछि निधिले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई पनि भेट्नुभयो । कुनै पनि हालतमा सत्ता गठबन्धन टुट्नु हुँदैन । यसलाई पाँच वर्ष टिकाउनुपर्छ भनेर फर्किनु भएको थियो । त्यही दिन एमालेका अध्यक्ष ओलीले पार्टीको एक कार्यक्रममा प्रचण्डको प्रधानमन्त्री बन्ने दिन समाप्त भइसकेको छ । प्रचण्ड अब प्रधानमन्त्री बन्न सक्नु हुन्न भनि अभिव्यक्ति दिनुभएको थियो । त्यसले गर्दा यता तत्कालिन प्रधानमन्त्री देउवा बिल्कुल ढुक्क हुनुभएको थियो । काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि त्यही दिन गठबन्धनलाई निरन्तरता दिनुपर्छ भनि माओवादीका अध्यक्ष प्रचण्ड तथा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई भेट्नुभएको थियो । प्रचण्ड र नेपालबाट गठबन्धनलाई निरन्तरता दिने आश्वासनप्राप्त गरेर नेता पौडेल फर्केर तत्कालिन प्रधानमन्त्री देउवालाई रिपोर्ट गर्नुभएको थियो । त्यसले गर्दा देउवा झन ढक्क भएर बस्नु भएको थियो ।


त्यही भएर उहाँ माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसमक्ष आफ्नो अडानबाट पछाडि हटनु भएन । चुनावपछि प्रचण्ड र देउवाबीच भएको सम्झौतालाई भंग गर्ने काम देउवापक्षबाट भयो । चुनावपछि बन्ने सरकारको पहिलो चरणमा माओवादीले नेतृत्व गर्ने भनि देउवा र प्रचण्डबीच सहमति भएको थियो । तर देउवा टसमस नभएपछि यो अवस्थाको सृजना भएको हो ।

खाना खान बालुवाटारबाट निस्कनु भएका प्रचण्ड खुमलटार आफ्नो निवास गएर खाना समेत नखाई त्यहीबाट एमालेका अध्यक्ष ओलीलाई फोन गरेर भन्नुभयो, 'म आउँदैछु, आजै अहिले सबै कुराको टुगों लगाउनुपर्छ ।' ओलीले हुन्छ आउनुस् सल्लाह गरौंला भनेपछि प्रचण्ड बोलकोटतिर लाग्नुभएको थियो । त्यतिबेलासम्म राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देल, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामेछाने, जनमत पार्टीका अध्यक्ष सिके राउत पनि त्यहाँ पुग्नुभयो ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एमालेका अध्यक्ष ओलीबीच सुरुमा 'वान टु वान' वार्ता भयो । उहाँ आधाघण्टा छलफल गरेपछि मात्र अन्य दलहरुसँग सामूहिक छलफलमा लाग्नु भएको थियो । प्रधानमन्त्री आलोपालो हुने र पहिलो चरणमा प्रचण्डले सरकारको नेतृत्व गर्ने, राष्ट्रपति र सभामुख एमालेले लिने र उपराष्ट्रपति माओवादी केन्द्रले लिने गरी सम्झौता भयो । यी सम्झौता चलिरहँदा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको फोन ओली र प्रचण्ड दुवै कहाँ लगातार गइरहेको थियो । देउवालाई एमालेका अध्यक्ष ओलीलाई पाँच वर्षका लागि प्रधानमन्त्री बन्नुहोस् र आउनुस् सँगै

बाँकी पृष्ठ १२ मा

# बालकोटको बार्दली



● धर्मेन्द्र कर्ण

**नेपाली काँग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवा छैठो पटक प्रधानमन्त्री बन्छु र बालुवाटारमै बस्छु भनेर बुढानिलकण्ठस्थित घरलाई मर्मतमा लगाई दिनुभयो।**

नेपालको राजनीतिमा अहिले दुईटा कुराको निकै चर्चा छ। सामाजिक सञ्जालदेखि विभिन्न सञ्चारमाध्यममा एमालेका अध्यक्ष केपी शर्मा ओलीको बालकोटस्थित घरको बार्दली र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको बुढानिलकण्ठस्थितको निवासले ठाउँ लिएका छन्। संयोग पनि कस्तो माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड ओलीको सोही बार्दलीबाट प्रधानमन्त्री बन्नुभयो तर प्रधानमन्त्रीबाट हटेपछि देउवा बालुवाटारबाट सर्नु परेपछि बुढानिलकण्ठस्थित आफ्नो निवास जान पाउनु भएन धुम्बाराहीस्थित एक भाडाको घरमा सर्नुभयो।

राजनीतिमा यी दुई कुराले धेरै ठूलो सन्देश दिएको छ। त्यही प्रचण्ड जसले भन्नुभएको थियो कि 'ओलीलाई बार्दलीमा पुर्‍याई दिए' तर आज प्रचण्ड त्यही बार्दलीबाट प्रधानमन्त्री बन्नुभयो। यता, नेपाली काँग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवा छैठो पटक प्रधानमन्त्री बन्छु र बालुवाटारमै बस्छु भनेर बुढानिलकण्ठस्थितको घरलाई मर्मतमा लगाई दिनुभयो। पुनः प्रधानमन्त्री बन्छु भनि देउवामा 'ओभर कन्फिडेन्स' थियो। र, त्यही 'ओभर कन्फिडेन्स'ले उहाँको सबैथोक भताभुङ्ग गर्दियो। यता, प्रचण्ड कुनै कुरामा रिस्क लिन चाहनु भएन र बार्दलीमा पुगेर एमालेसँग मिलेर सरकार बनाउने र त्यसको नेतृत्व गर्ने सहमति गर्नुभयो।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पुरानो सत्ता गठबन्धनका सबै भन्दा ठूलो दल कांग्रेसका सभापति शेरबहादुर देउवालाई छाडेर आफ्नो नेतृत्वमा नयाँ गठबन्धन बनाएर प्रधानमन्त्री बन्न सफल हुनुभयो। प्रधानमन्त्री भएपछि गठन गर्नुभएको सानो मन्त्रपरिषद्को पहिलो बैठकबाट उहाँले पाँचवटा निर्णय गर्नुभयो। यी पाँचवटा निर्णय हुनुअघि भएका राजनीतिक घटनाक्रमबारे विभिन्न किसिमका टिकाटिप्पणी सुरु भइसकेको थियो।

बालुवाटारबाट बालकोट पुग्नुभएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमालेका ओलीको आयोजनामा भएको बहुदलीय अध्यक्षहरूको बैठकमा सरकार बनाउन भएको सहमतिलाई स्वीकार गरी सत्ता गठबन्धनको नेतृत्व गर्ने जिम्मेवारी लिइरहेको बेला बालकोटबाटै उहाँको सचिवालयबाट नयाँ बाटोको सुरुवात भनी घोषणा गरेको थियो।

**बार्दलीबाट चुहिएको त्यो सन्देश**

प्रचण्डको सचिवालयका रमेश मल्लले आफ्नो फेसबुकमा ओली निवास बालकोटमा प्रचण्ड ओली हस्तमिलानसहित त्यहाँ उपस्थित दलका अध्यक्षहरूले भरिएको कोठाको फोटाहरू राखेर 'अट द रेटको चिन्ह' राखी बालकोट र त्यसका मुनि नयाँ बाटोको सुरुवात भनी उल्लेख गर्नुभएको थियो। त्यो स्टाट्सले नेपालको राजनीतिमा तत्कालै एउटा तरङ्ग नै ल्याई दियो। त्यसअघि एमाले र माओवादी केन्द्र मिलेर सरकार बनाउन सक्छ भनि अनुमान पनि गरेका थिएनन्। विभिन्न अड्कलवाजी मात्र भइरहेका थिए।

रमेश मल्लले यसरी लेख्नु भनेको अध्यक्ष प्रचण्डको तर्फबाट नेपाली कांग्रेसका सभापति देउवा र उहाँका पछाडि सक्रिय रहेका देशी विदेशी शक्ति तथा स्वार्थसमूहरूलाई जानकारी दिनु थियो। प्रचण्ड तथा उहाँका निकटहरू र उहाँका अभिव्यक्तिहरूको विश्लेषण गर्नेहरूले प्रचण्ड यसपटक प्रधानमन्त्री बन्ने विश्वास अधिकांश प्रतिशत गरेका थिए। तर कुन गठबन्धनबाट त्यो कन्फर्म थिएन। प्रधानमन्त्री नपाए सरकारमै न जानेसम्मको आँट प्रचण्डले लिनुभएको थियो। यो कुरा उहाँले आफ्ना निकट नेताहरुलाई पनि भन्नुभएको थियो।

**हरिसिद्धीको सन्देश**

ललितपुरको हरिसिद्धीमा माओवादी केन्द्र निकट प्रेस सेन्टरको पदाधिकारी बैठकलाई सम्बोधन गर्दा हलमा सार्वजनिक भएका कतिपय निराश अभिव्यक्तिहरूमा ऊर्जा भर्दै दिएको अभिव्यक्तिको सार भनेको यी दुई बाटो प्रचण्डले चुनेको प्रष्ट भएको थियो। माओवादी केन्द्र निकट प्रेस सेन्टर भनिए पनि यो युद्धकालीन क्रान्तिकारी पत्रकार संघको लौह अनुशासनमा बाँधिएको पत्रकार संगठन अहिले रहेको छैन्। यसको जानकारी प्रचण्डलाई राम्रैसँग रहेको त्यो सम्बोधनले प्रष्ट पारेको थियो। उहाँले भन्नुभएको थियो, "मैले केही गम्भीर कुराहरु जानकारी दिए भने तपाईंहरूले नै फेरि बाहिर लग दिनुहुन्छ। तर निर्वाचनको परिणामबाट सबै खतम भइसकेको अब केही हुन्न भन्ने अवस्था पनि अहिले छैन्। अहिले पनि आफ्नो र निर्वाचनमा अन्यलाई सहयोग गरेको आधारमा ६० बढी सांसदको विश्वास आफूसँग छ। कांग्रेस र एमालेले मिलेर सरकार बनाउने हल्ला सुनिरहेको छु। त्यस्तो भयो भने हाम्रा लागि झन् राम्रो अवस्था हुन्छ। तपाईंहरू ढुक्क हुनुस्। तर स्थिति त्यस्तो छैन्। माओवादीलाई प्रतिपक्षमा बस्न दिने काम उनीहरूले गर्ने छैनन्।"

प्रचण्डले यो भनिरहँदा उहाँको बोलीबाट सुनिएको लयबाट उहाँ प्रधानमन्त्री भइसकेको दर्शाउँथ्यो। निसन्देह प्रचण्डले आशंका व्यक्त गर्नुभए जस्तै प्रेस सेन्टरको त्यो पदाधिकारी बैठकबाट बाहिर कुरो चुहिएको थिएन होला वा प्रचण्ड आफैले त्यहीबाट देउवा र उहाँका निकट सक्रिय रहेका देशी विदेशी स्वार्थ समूहसम्म पुऱ्याउन चुहाउनु भएको थिएन भनि भन्न सकिन्न। राजनीति र कुटनीतिको खेलमा यस्ता खेलको धेरै महत्व हुन्छ। अन्तर्राष्ट्रिय परिदृश्यको राजनीतिक कूटनीतिक पहल प्रचण्डले यसअघि गरिससक्नु भएको थियो। एमसीसी पारित गराउने समयमा होस् वा स्थानीय निर्वाचनको घोषणा भइसकेको बेला भारतको भ्रमण गरी त्यहाँको सत्ताधारी दलका नेताहरूसँगको भेटवार्ताबाट होस् आफ्नो राजनीतिक र कूटनीतिक कमजोरीलाई मिलाउने काम गरिसक्नु भएको थियो।

देउवा र उहाँका निकट रहनु भएका देशी विदेशी स्वार्थ समूहको सक्रियता उतै हुँदैन् प्रचण्डका वरिपरि छन् भन्ने कुरो उहाँले प्रेस सेन्टरको उही हलमा भन्नुभएको थियो। दुवै थरिका देशी विदेशी स्वार्थ समूहहरूको प्रतिक्रियाबाट प्रचण्ड धेरै पहिले आफू प्रधानमन्त्री बन्ने कि प्रतिपक्षी दलको नेता निधो गरिसक्नु भएको थियो।

तर उहाँका निकट कतिपयले सरकार बाहिर बस्न नहुने भन्नेहरु स्वार्थ समूहको प्रतिनिधित्व गर्ने थिएनन भन्ने होइन। प्रचण्डले यो संसदीय व्यवस्था भित्रको सरकार र सत्ताको उपयोग गरी जनहितकारी कार्य गर्ने इच्छाशक्ति पनि दर्शाउनु भएको छ। उहाँको इच्छाशक्तिको पहिलो प्रवाह सरकारको पहिलो बैठकका पाँच निर्णयलाई लिन सकिन्छ। तर उहाँका पाँच निर्णयलाई उहाँले पाँच भनी बोध गरे स्वार्थ समूहलाई दिशा भ्रमित गर्ने खालका क्रियाकलाप हुन सक्छन्। त्यसैले यी पाँचलाई एउटैमा उन्नु पर्ने आवश्यकता छ।

एउटा दार्शनिक वाक्य सुनिने गरिन्छ 'एक साधे सब सधे'। एउटालाई पूरा गरे सबै पूरा हुन्छ भन्ने हो। यो कुरो उहाँको नेतृत्वको क्याबिनेटको बनोटले भन्छ। मन्त्रीहरूले राजीनामा दिएर उहाँको सरकार ढल्ने छैन्। तर उहाँले राजीनामा दिए सरकार ढलेर जाने हो। यसको अर्थ उहाँले गर्नुभएको पाँच निर्णय मात्र पाँच होइन एउटै हो।

**पाँच निर्णय**

१. वित्तीय र मौद्रिक नीतिको सामान्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रमा देखा परेका तरलता संकुचन, उच्च ब्याजदर विदेशी मुद्राको संचितिमा परेको दवाव तथा पूजीबजारमा आएको गिरावटलाई संवोधन गरि अर्थतन्त्रलाई गतिशिल बनाउने।

२. राजस्वको लक्ष्य प्राप्त गर्न चुहावटलाई कडाईका साथ नियन्त्रण गर्ने र यसका लागि राजस्व प्रशासनमा आवश्यक पुनसंरचना गर्ने, अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न, राजस्वको लक्ष्य प्राप्त गर्न एवं आर्थिक वृद्धि हासिल गर्न नीजि क्षेत्रसँग सहकार्य र सहयोगलाई वस्तुपरक रुपमा घनिभुत गराउने।

३. सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने, प्रतिकात्मक रुपमा यसै आर्थिक वर्षदेखि राष्ट्रसेवकमा भएका तलव वृद्धि, कम्तीमा यस आर्थिक वर्षका लागि मन्त्रीपरिषद्का सदस्यहरुले नलिने।

४. नागरिकहरुलाई प्रदान गर्दै आएका आधारभूत सेवा विषेश गरी राष्ट्रिय परिचय पत्र, विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्र लगाएतका सेवा प्रवाहलाई सुगम सरल र कम खर्चिलो झण्झटमुक्त बनाउने, यसमा देखिने गरि सुधारका कामहरु तत्काल आरम्भ गर्ने र कार्यान्वयन गर्ने।

५. विकास परियोजनाहरुको सार्वजनिक खरिद, परियोजनाहरुको निर्माण तथा सञ्चालनमा देखिएको ढिलाई, जिम्मेवारी पन्छाउने प्रवृति र निर्माण कार्यको गुणस्तरहिनता हटाउन, यस कार्यमा संलग्न हुने परियोजना प्रमुखलाई नै सबैभन्दा पहिले जिम्मेवार बनाउने र त्यसकै आधारमा वृति विकास सुनिश्चित हुने गरि सार्वजनिक कानूनमा तत्काल सुधार गर्ने, विकास सम्बन्धी काममा तीव्रता दिन सो सम्बन्धी छुट्टै कानून संसदको आउने अधिवेशनबाट पारित गरि कार्यान्वयन गर्ने।

प्रचण्डले सम्भवतः यो नै एक सुनिश्चित अवधिसम्मका लागि प्रधानमन्त्री बनेर देशको अगुवाई गर्ने अवसर प्राप्त गर्नुभएको छ। यसअघि उहाँले प्रधानमन्त्री बन्न पाएको अवसर आफू वरिपरि अनुकूल प्रतिकूल स्वार्थ समूहहरूको क्रियाकलापबाट व्यक्ति र प्रवृतिलाई चिन्ने समयको रूपमा बिताउनु भएको देखियो।

शपथ लिसकेपछि यो अवधि उहाँको आफ्नो अवधिको रूपमा रहेको छ। यी पाँचलाई एकको रूपमा बुझेर पूरा गर्ने जिम्मेवारी उहाँको छ। प्रस्तुत पाँचमध्ये कुनै दुईटाको चर्चा र तुलनात्मक अध्ययन गरी हेर्दा कुनै एकमा उहाँको सफलता निहित छ।

१. वित्तीय र मौद्रिक नीतिको सामान्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रमा देखा परेका तरलता संकुचन, उच्च ब्याजदर विदेशी मुद्राको संचितिमा परेको दवाव तथा पूजीबजारमा आएको गिरावटलाई संवोधन गरि अर्थतन्त्रलाई गतिशिल बनाउने।

५.विकास परियोजनाहरुको सार्वजनिक खरिद, परियोजनाहरुको निर्माण तथा सञ्चालनमा देखिएको ढिलाई, जिम्मेवारी पन्छाउने प्रवृति र निर्माण कार्यको गुणस्तरहिनता हटाउन, यस कार्यमा संलग्न हुने परियोजना प्रमुखलाई नै सबैभन्दा पहिले जिम्मेवार बनाउने र त्यसकै आधारमा वृतिविकास सुनिश्चित हुने गरि सार्वजनिक कानूनमा तत्काल सुधार गर्ने, विकास सम्बन्धी काममा तीव्रता दिन सो सम्बन्धी छुट्टै कानून संसदको आउने अधिवेशनबाट पारित गरि कार्यान्वयन गर्ने।

पहिलो निर्णयमा अर्थतन्त्रलाई गतिशील बनाउने भनिएको छ र पाँचौंमा विकाससम्बन्धी काममा तीव्रता दिन सो सम्बन्धी छुट्टै कानुन संसदको आउने अधिवेशनबाट पारित गरी कार्यान्वयन गर्नेछ। वित्तीय र मौद्रिक नीतिको तालमेल मिलाउने भनिएको छ। तालमेल मिलाएर लागु गर्न भनिएको छ। तरलता संकुचनको दबाब हटाउने। उच्च ब्याजदर र विदेशी मुद्रा सञ्चितिमा परेको दबाब हटाउने भनिएको छ। पुँजीबजारमा आएको गिरावटलाई सम्बोधन गर्ने भनिएको छ। यी सबै काम अर्थतन्त्रलाई गतिशील बनाउन भनिएको छ।

पाँचौंमा विकास परियोजनाको सार्वजनिक खरिद, परियोजनाको निर्माण तथा सञ्चालनमा देखिएको ढिलाई, जिम्मेवारी पन्छाउने प्रवृति र निर्माण कार्यको गुणस्तरहीनता हटाउन यस कार्यमा संलग्न हुने परियोजना प्रमुखलाई नै सबै भन्दा पहिले जिम्मेवार बनाउने र त्यसकै आधारमा वृति विकास सुनिश्चित हुने गरी सार्वजनिक कानुनमा तत्काल सुधार गर्ने, विकास सम्बन्धी काममा तीव्रता दिन सो सम्बन्धी छुट्टै कानुन संसदको आउने अधिवेशनबाट पारित गरि कार्यान्वयन गर्ने" उल्लेख गरिएको छ। पाँचौंमा विकास परियोजनालाई तीव्रता दिन भनिएको छ। यी सबै काम अर्थतन्त्रलाई गतिशील बनाउन हुनेछ र हुनुपर्छ। पुँजीबजारमा आएको गिरावटलाई उकास्ने भनेको सूचीकृत कम्पनीहरूको सेयर मूल्यमा हुने वृद्धिलाई भनिएको छ। यसको मूल्य वृद्धिका लागि आर्थिक गतिविधि तीव्र पार्नुपर्ने हुन्छ।

आर्थिक गतिविधि तीव्र पार्न रोजगार वृद्धि गर्नुपर्छ। यी सबै कुरो एक आपसमा बाँधिएको छ। यी सबै कुरो विगतका सबै प्रधानमन्त्रीले गरेका वाचाहरू हुन्। संसदीय प्रजातन्त्रदेखिका प्रधानमन्त्रीहरूले मात्रै होइन् राणाकालीन प्रधानमन्त्रीदेखि पञ्चायत कालका सबै प्रधानमन्त्रीले यस्ता वाचाहरू गरेका छन्। हाम्रो अर्थतन्त्रको पतन भनेको कृषिमा देशलाई आत्मनिर्भर बनाउन नसक्नु मुख्य कारण हो।

कृषिजन्य वस्तुहरूमा आत्मनिर्भर बनाउन बनाउन प्रचण्डका लागि अहिले प्राप्त भएको समय पूरा हुन सक्दैन्। तर पनि अहिलेसम्म भएका महत्वपूर्ण परियोजनामा भएको ढिलासुस्ती हटाउने सबै बाधामध्ये सबै भन्दा ठूलो भनेको भ्रष्टाचार नै हो। प्रचण्ड नेतृत्वका मौजुदा सुरुवाती क्याबिनेटका सदस्यहरू दूधले धोइपखालिका व्यक्तिहरूको रूपमा रहेका छैनन्। तर यसो भनिरहँदा जनताका नजरमा वा आलोचकका नजरमा दूधले धोइपखालिएका व्यक्तिहरू खोज्न गाह्रो पनि छ।

हिन्दी सिनेमाको गीत छ "कुछ तो लोग कहेगें, लोगों काम है कहना"। जतिसुकै राम्रो क्याबिनेट बनाउन खोजे पनि हामीबाट त्यस्तो धोइपखालिएकाहरूको व्यक्तिहरू क्याबिनेट बन्न सक्दैन्। पहिलो त त्यस्ता व्यक्तिहरू राजनीतिबाट टाढा हुन्छन् अर्को भएपनि क्याबिनेटसम्म पुग्न सक्दैनन्। त्यसैले प्रचण्डले यो क्याबिनेटबाट कुनै एक निर्णयलाई द्रुतगतिमा प्राप्त गर्ने प्रयास तालमेलका आधारमा गर्नुपर्छ। तालमेलमा साथ नदिनेलाई तत्काल कारण सहित हटाउने हिम्मत गर्न सक्नु पर्छ। आखिर उहाँले यो पद त्यसै पनि कुनै बिन्दुमा छोड्नै पर्ने हुन्छ। यस्तोमा उहाँले पाएको यो अवसरलाई आफ्नो अन्तिम अवसर र अन्तिम दिनको रूपमा लिएर पूरा गर्न सोचे निसन्देह उहाँको सचिवालयले भनेजस्तो नयाँ बाटोको सुरुवात हुनेछ र बार्दलीको सन्देशले सार्थकता पाउनेछ।

अन्यथा नेपाली उखान चरितार्थ हुन के बेर लाग्छ र 'जुन जोगी आए कानै चिरेका'। यो उखान फेर्ने यो अवसर प्रचण्डको नेतृत्वमा छ र उहाँको कुनै एक निर्णयमा उहाँको सफलता लुकेको छ। उहाँले आफै पनि भन्नुभएको थियो, "जनताले देखिने गरी केही गर्न सकियो माओवदी केन्द्रलाई हेर्ने जनताका दृष्टिमा परिवर्तन आउने छ।"

*(लेखक धर्मेन्द्र कर्ण वरिष्ठ पत्रकार हुनुहुन्छ)*

अन्तरवार्ता



# ‘मधेशमा जनमत पार्टीको प्रतिस्पर्धी कुनै दल छैन’

**■ विनोद यादव**
नेता, जनमत पार्टी

**विद्यार्थी कालदेखि राजनीतिमा लाग्नु भएका विनोद यादव लामो समय काँग्रेस पार्टीमा काम गर्नुभयो । तत्कालिन स्वास्थ्य राज्यमन्त्री सुरेशचन्द्र दास यादवको नीजि सचिवालयमा काम गरेको अनुभव बटुल्नु भएका विनोद यादव पछि तत्कालिन मधेशी जनअधिकार फोरममा पनि निकै समय काम गर्नुभयो । त्यो पार्टीबाट चुनाव लड्ने तयारी पनि गर्नुभएको थियो । तर पछि सुरेशचन्द्र दास यादव काँग्रस छाडेर माओवादीमा गएपछि उहाँले विनोदलाई लिएर पनि जानुभयो । तर त्यहाँ धेरै लामो समय बस्नु भएन । स्थानीय चुनाव–२०७९ पछि उहाँ सिके राउत नेतृत्वको जनमत पार्टीमा प्रवेश गर्नुभयो । उहाँ सिरहा क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा चुनाव पनि लड्नुभयो । जसपा र काँग्रसलाई कडा टक्कर दिएर १६ हजार ९०२ मत ल्याएर पराजित हुनुभयो । प्रस्तुत छ, उहाँको चुनावी अनुभव, जनमतको जन्म, अगामी योजनालगायतका विषयमा सहारा टाइम्सले जनमत पार्टीका नेता विनोद यादवसँग गरिएको कुराकानीको सम्पादीत अंशः**

**प्रचण्ड नेतृत्वको सरकारमा जनमत पार्टी सहभागी भएको छ । जनमत पार्टीले यति छिटो सत्ताको यात्रा तय गर्छ भन्ने तपाईलाई लागेको थियो ?**

जनमत पार्टीले एउटा यो मन्त्रालयका लागि मात्र यात्रामा निस्केको पार्टी होइन । देशकै नेतृत्व गर्ने गरी अगाडि बढेको हो । जनमत बन्नुअघि एउटा देश नै निर्माण गर्ने उद्देश्य लिएर हिडेको कुरा विर्सिनु हुँदैन । सोही संगठनबाट जनमत बनेको हो । अलगै देश बनाउने उद्देश्य त होइन, तर जनताराज कायम गर्न देशकै नेतृत्व गर्न जनमत पार्टी सक्षम छ । यो यात्रा त्यसको एउटा सुरुवात मात्र हो । हामी सत्ताको सहयात्री दल बनेका छौं त्यसमा हामीलाई कुनै आश्चर्य लागेको छैन । हामीलाई के थाह छ भने तराई मधेशमा देखिएको समस्या सडकभन्दा पनि सरकारबाट समाधान हुन्छ । काम हुने ठाउँ सरकार मात्र हो । सडकले दवाव सृजना गर्छ तर काम सरकारले गर्छ । त्यसैले हामीले आफ्नो माग पुरा गराउने माध्यम सरकारलाई पनि बनाएका छौं ।

**विगतमा के देखिएको हो भने दलहरु सरकारमा जाँदा आन्दोलन कमजोर भएको छ, पार्टी टुटफुट भएको छ, जनमतको आन्दोलन पनि यसैगरि कमजोर हुने, पार्टी फुट्ने त होइन ?**

पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खान सरकारको मोर्चा सम्हाल्नु हुन्छ, डाक्टर साहब (सिके राउत) सदनको मोर्चा सम्हाल्नु हुन्छ र हामी सडकको मोर्चा सम्हाल्छौं । हामी तीनटै ठाउँमा संघर्षरत छौं । जनमत पार्टी १० वर्ष सडकमा मात्र संघर्ष गरेको थियो अब दुईटा ठाउँ सरकार र सदन थपिएको छ । त्यहाँबाट पनि हाम्रो संघर्ष जारी रहन्छ । रह्यो पार्टी फुटको कुरा त्यसको सम्भावना दुरदुरसम्म छैन । अहिलेसम्म जतिवटा पार्टी छन् सबभन्दा अनुशासित पार्टी जनमत पार्टी नै हो । गडबड गर्नेहरुलाई जनमत पार्टीमा कुनै गुन्जाइस छैन ।

**तपाई लामो समयदेखि राजनीतिमा हुनुहुन्छ तर जनमत पार्टीबाट प्रथमपटक चुनावमा भाग लिनुभयो, चुनावको अनुभव कस्तो रह्यो ?**

हो म लामो समयदेखि राजनीतिमा संलग्न छु तर यसपटक मैले प्रतिनिधि सभाका लागि चुनाव नै लडे मेरो लागि त्यो नयाँ अनुभव रह्यो । राजनीतिक गर्ने जतिको सजिलो चुनावमा भाग लिनु सजिलो छैन । असली राजनीति जब हुन्छ तब कुनै नेताले चुनावमा भाग लिन्छन् । चुनावमा भाग लिएपछि मात्र असली राजनीतिको अनुभूति हुन्छ । जनता के हो, जनताको अवाज के हो, उसको चाहना र आकाँक्षा के छन्, उ के चाहन्छन् लगायतका सबै कुरा एकैपटक चुनावमा जानकारी हुन्छन् । नेताको आफ्नो औकात पनि चुनावबाटै थाह हुन्छ । त्यसैले यो मेरो पहिलो चुनाव भएको कारणले मेरो लागि यो नयाँ अनुभव थियो ।

**कस्तो अनुभव रह्यो त ?**

यतिका वर्षदेखि जनताले परिवर्तनको अनुभूती गरेको थिएन । यसअघि फोरम अहिलेका जसपा, लोसपालगायतका मधेशवादी केन्द्रीत दलहरु त्यहाँबाट पटक पटक चुनाव जिते तर ती दलहरुले जनतालाई परिवर्तनको अनुभूती दिलाउन सकेनन् । हामी चुनावमा मत माग्न जाँदा जनताको गुनासो र पीडा दुवै सुने । सबैले ती दलहरुको गुनासो नै गरेका थिए । अबको भरोसा भनेको होरन (जनमत पार्टी) नै हो भनि मतदाताहरु खुलेर भन्थे । जनताको कस्ता कस्ता पीडा छन् ती सबै चुनावकै समयमा व्यक्त गर्दो रहेछ । ती पीडाहरु अब सिके राउतले मात्र समाधान गर्न सक्छन् भने कुरा धेरैले भनेको मैले सुने र अनुभव पनि गरे । जनताको गुनासो पनि थियो, पीडा पनि थियो, जनताको आक्रोश पनि थियो र भरोसा पनि थियो । त्यो मेरो लागि नयाँ अनुभव थियो ।

**तपाईले सक्रिय राजनीतिमा हुनुहुन्थ्यो त्यो अनुभवले तपाईको चुनावी राजनीतिमा कतिको सहयोग गर्‍यो ?**

यसअघि म पर्दा पछाडि रहेर राजनीति गरेको थिए । तर यसपटक म पर्दा अगाडि आएर राजनीतिमा सक्रिय भए । पहिला पनि म जनताको सेवक नै थिए । जनतालाई आइपर्ने समस्याको समाधान गर्थे । उसको मुद्दाहरु उठाउँथे । तर चुनावमा जनतासँग म जति घुलमिल हुन पाए त्यति घुलमिल पहिला भएको थिइनन् । तर अहिले जसरी म चुनावमा आफ्नो पहिचान स्थापित गर्न सके, जनताको मन जित्न सफल भए त्यो मेरो पुरानो राजनीतिको योगदान पनि हो । म पहिलादेखि राजनीतिमा रहेको कारण चुनावमा जनतासँग घुलमिल हुन समय लागेन । अर्थात मैले पहिलादेखि गरेको राजनीतिले अहिलेको चुनावमा सहयोग पुर्‍याएको छ । तर म अहिले जति अनुभव गरेको छु त्यति अनुभव पहिला थिएन ।

**तपाई काँग्रेसमा काम गर्नुभयो, फोरममा काम गर्नुभयो, केही समय माओवादीमा पनि काम गर्नुभयो । यी दलहरु चहार्दा चहार्दै अन्त्यमा तपाई जनमत पार्टी नै किन रोज्नुभयो ?**

हेर्नुस् स्कूलिङ भनेको धेरै ठूलो कुरा हो । जसको जस्तो स्कुलिङ हुन्छ उ अन्त्यमा गएर त्यही गएर सेट हुन्छन् । मेरो हकमा पनि त्यही भयो । विद्यार्थी विद्यालयमा पढ्न जान्छ । त्यो विद्यालय र त्यहाँको पढाई वा शिक्षक मन परेन भने अर्को स्कूल जान्छ । त्यो स्कूल मन परेन भने फेरि अर्को स्कूलमा पनि जान्छ । जहाँ उसलाई राम्रो लाग्छ त्यही पढ्न थाल्छन् र त्यहाँबाट अगाडि बढ्छ । हो म विभिन्न राजनीति दलमा काम गरे । त्यहाँको अनुभव लिए, त्यो पार्टीको विचार, सिद्धान्त र आचरण थाह पाए । ठिक न लागेर अर्कोमा गए, फेरि त्यो नराम्रो लागेपछि म अर्कोमा पनि गए । अन्त्यमा मलाई जनमत पार्टी राम्रो लाग्यो । सो पार्टीको विचार, सिद्धान्त र आचरण मन पर्‍यो यहाँ स्थिर भएको छु । यहीबाट चुनाव पनि लडे । जनताले मलाई निकै राम्रो मत दिए । जनताले मलाई मन पनि पराए । म पहिला पनि अन्य दलबाट राजनीति गरेका थिए तर यसरी मलाई मन पराएको थिएनन् ।

**तपाईले काँग्रेस, फोरम र माओवादी के कारणले छाड्नु भयो त ?**

काँग्रेस पार्टीमा मधेशीलाई अगाडि बढ्न दिँदैन । जति लामो संघर्ष गरेपनि यहाँ जहाँको त्यही रहि रहनेछ भनि लाग्यो र मैले त्यो पार्टी छाडेर फोरममा गएको थिए । फोरम मधेशी पार्टी भएपनि सोच मधेशी जस्तो मैले त्यहाँ पाइनन् । त्यहाँ पनि खुट्टा तान्ने प्रवृति रहेको मैले पाए तैपनि मैले त्यही संघर्ष गर्ने सोच बनाएर बसेका थिए । संगठनको काममा लागेको थिए । चुनाव लड्ने तयारी गरिरहेका थिए । सुरेशचन्द्र दास यादवसँग मेरो पुरानो चिनजान थियो । उहाँ पनि काँग्रेसबाट चुनाव लड्ने सोच बनाउनुभयो । तर काँग्रेसले उहाँलाई टिकट दिएन । त्यसपछि उहाँ काठमाडौंस्थित मेरो कोठामा आउनुभयो । र, भन्नुभयो, एमाले र माओवादी केन्द्रको गठबन्धन बनेको छ म त्यहाँ जान्छु, तपाई पनि हिड्नुस् भन्नुभयो । मैले भने, ‘म जान्न, म पनि फोरमबाट चुनाव लड्ने तयारी गरिरहेको छु, मलाई त्यहाँबाट टिकट दिने सम्भावना छ, म तपाईसँग जान्न ।’ उहाँले होइन, यसपटक मलाई सहयोग गर्नुस् त्यसपछि अर्कोपटक तपाईको लागि मैले के गर्नुपर्छ गर्छु भन्नुभयो । त्यसपछि मैले उहाँलाई सहयोग गर्न थाले उहाँसँगै म पनि माओवादीमा गए । उहाँ चुनाव पनि जित्नुभयो । गत स्थानीय चुनावमा सुखिपुर नगरपालिकामा चुनाव लड्छु भनि कुराको जानकारी सुरेशचन्द्र यादवलाई गराए । मैले माओवादीका सिरहा जिल्ला इन्चार्ज अविनाश समक्ष पनि यो कुरा राखे । उहाँले हुन्छ भन्नुभएको थियो । पछि उहाँकै मुखबाट थाह पाए कि सुरेशचन्द्र दासले मलाई टिकट दिनका लागि मानिरहनु भएको छैन । मैले पनि यो कुराको पत्ता लगाए । वास्तवमा सुरेशचन्द्र दास यादवले मलाई मेयरको टिकट दिलाउन चाहनु भएको थिएन । अनि मैले उहाँलाई भेटेर तपाई आफ्नो बाटो लाग्नुस् म आफ्नो बाटो लाग्छु । मलाई तपाईको कुनै सहयोग चाहिदैन । भनि उहाँबाट अर्थात माओवादीबाट अलग भए । त्यसपछि जनमत पार्टीका महासचिव चन्दन सिंहसँग सम्पर्क भएको थियो । उहाँले डा.सिके राउतसँग भेटाउनुभयो । तीनैजनाको बीचमा छलफल भयो । सिके राउतले भन्नुभयो, तपाईको लामो राजनीतिक योगदान छ, तपाई चुनाव लड्नुस्, तपाई अब आफै नेता बन्नुस् तपाईको हरेक ठाउँमा आफ्नै पहिचान छ । तपाईको राजनीतिक भविष्य उज्जवल छ ।’ त्यसपछि म जनमत पार्टीमा सिके राउतसँग टिका लगाए । गोलबजारमा कार्यक्रम गरेर आफूसहित आफ्ना नेता तथा कार्यकर्तालाई लिएर जसपामा प्रवेश गरे । त्यसपछि सिके राउतको सल्लाहमा म चुनावको तयारीमा लागे । टिकट पाए । सिरहा २ नम्बर क्षेत्रमा चुनाव लडे । चुनाव हारे पनि जनताको राम्रै रेसपोन्स पाए । म चुनाव हारेको महसुस गरेको छैन ।

**जनमत पार्टीको जुन पृष्ठभूमीबाट जन्म भयो त्यसको आलोचना अहिले पनि भइरहेको छ, तपाई चुनावमा भाग लिँदा त्यो कुराको फेस कतिको गर्नुपर्‍यो ?**

जनमत पार्टी गठन गरेर जब सिके राउतले मूलधारको राजनीति सुरु गर्नुभयो, त्यसको केही पछि मात्र म त्यो पार्टीमा आवद्ध भएको हुँ । त्यो पार्टीको विचार, सिद्धान्त मलाई मन पर्‍यो । पार्टीका अध्यक्ष सिके राउतले गर्ने कामको स्टाइल मन पर्‍यो त्यही भएर म त्यो पार्टीमा ज्वाइन गरेको हुँ । मूलधारको पार्टी बनेपछि स्थानीय तहको चुनावमा भाग लियो । त्यो चुनावमा राम्रै प्रगति गर्‍यो । यो आम चुनावमा पनि जनमत पार्टीले संघ तथा प्रदेशमा राम्रै प्रगति गर्‍यो । ‘नोट ब्याड’ को अवस्था रह्यो । पार्टीका नेता तथा कार्यकर्ताहरु सबै सन्तुष्ट छन् । जनमत पार्टी बन्नुअघि के थियो के थिएन त्यो मलाई थाह भएन । सुन्दैछु, अलग देश नै बनाउने अभियानमा सिके राउत लाग्नु भएको थियो रे । त्यो कुरा मेरो जानकारीमा छैन । म जनमत पार्टीमा लागेपछि पनि मलाई त्यो कुराको कहिले अनुभूति भएन त्यसको चर्चा पनि पार्टीमा हुँदैन । चुनावमा भाग लिँदा कसैले पनि कुनै ठाउँमा कुरा उठाएनन् । मलाई त्यो कुराको सामना कतै गर्नुपरेन ।

**तपाई चुनावमा भाग लिँदा जनतालाई १० लाख रोजगारी दिने, मल कारखाना खोल्दिने, विदेशमा खट्नेहरुलाई स्वदेशमै रोजगारी दिने जस्तो आश्वासन बाँडेर आउनुभयो । त्यो पुरा गर्छु पनि भनेर आउनु भएको छ, यी प्रतिवद्धताहरु पुरा गर्ने आधार के छ जनमतसँग ?**

जनमत पार्टीले जेजे प्रतिवद्धता गरेका छन् । ती सबै अवश्य पुरा हुनेछ त्यो कुरा चुनावमा मात्र होइन अहिले पनि भनि रहेको छु । तर तुरुन्तका तुरुन्त होइन । ढिलो चाँडो ती सबै प्रतिवद्धता हामी पुरा गर्छौ । यो देशका सरकारलाई चलाउने ब्युरोक्राइटस् तथा शासकहरुलाई नानीदेखि लागेको बानी त्यति छिटो हट्दैन । केही समय लाग्छ । जनमत पार्टी संसदमा पुगेको छ । संसद हुँदै सरकारमा पुगेको छ । संसदमा अवाज उठाउने सरकारबाट काम गराउने काम जनमत पार्टीले

**बाँकी पृष्ठ ८ मा**

# लोकस्टार रविराजको मु



२०६४ मा रविराजले एसएलसी पास गरेपछि उहाँको बुवाले साइन्स पढ्नका लागि काठमाडौं पठाई दिनुभयो । गाउँघरमा बसेपछि पढ्दैन, गीत नाचगानमा लाग्छ भनेर रविराजलाई टाढा भनेर पढ्नका लागि काठमाडौं पठाई दिनुभयो

गाउँभरी चर्चा थियो कि विजेन्द्रको छोरा साइन्स पढ्न काठमाडौं गएको छ। तर गाउँका मान्छेले पनि पत्याएका थिएनन्। रविराज सानैमा गीत, संगित रमाएको कारण काठमाडौं गएर साइन्स पढ्छ भनि धेरैले पत्याएका थिएनन्

नेपाल गीत संगितका लागि सानो मार्केट हो। यहाँ बसेर केही हुँदैन बरु स्ट्रगल नै गर्नुछ भने मुम्बई (भारत)तिर जा त्यहाँ थप प्राइक्टिस गर। त्यहाँ कही गर्ने प्रयास गर, त्यहाँ केही गर्ने सम्भावना पनि छ तर यहाँ नेपालमा यसैगरि जीवन सकिन्छ', गायक रमा मण्डलले भन्नुभएको थियो

२०६७ सालमा रेडियो नेपालमा स्वर परीक्षा दिनुभयो रविराजले। उहाँले त्यहाँ पास पनि गर्नुभयो तर गायक रमा मण्डलको सुझावले रेडियो नेपालमा काम गर्नुभएन

सन् २०१९ मा रविराजलाई नेपालबाट नरहरी प्रमीको एउटा म्यासेज गयो कि नेपालमा लोकस्टार रियालिटी टिभी ्(एपी वन टीभी) शो कार्यक्रम हुँदैछ। त्यसमा तराई मधेशबाट पनि पार्टिसिपेट गर्न सकिन्छ। त्यसमा तराई मधेशको गीत पनि चाहिन्छ

रविराज साह अर्थात रवीन्द्र साह गायन क्षेत्रमा लागेपछि उहाँका बुवा विजेन्द्र साहले उहाँसँग बोलचाल बन्द गर्नुभएको थियो । छोरा बिग्रिने भयो, छोरा पढाई लेखाई छाडेर नचनियाँ, गवैया (नाच्ने, गाउने) भयो भन्दै विजेन्द्र साहले आफ्नो छोरा रविलाई पढाई लेखाईमा डोर्याउन निकै कोशिस गर्नुभयो । तर रविराजले गीत संगितकै क्षेत्रमा रहने ठान्नु भएको थियो र बुवाको कोशिस नकाम भयो । तर आज बुवाले रविराजको काम देखेर गर्व गर्नुहुन्छ ।

सर्लाही चन्द्रनागर नागरपालिका-४ पोखरियाका ३० वर्षिय रविराज यो गायन क्षेत्रमा आउनका लागि निकै संघर्ष गर्नुभयो । र, त्यो संघर्ष अझै जारी छ । सर्लाही पोखरिया प्रावि स्कूलमा पढ्दादेखि नै उहाँ ब्याण्डबाजाहरुको साथमा गएर गीत गाउनु हुन्थ्यो । घरबाट भागेर आरकेस्ट्रा तथा विभिन्न साँस्कृतिक कार्यक्रमहरुमा गएर उहाँ गीत गाउनु हुन्थ्यो । जुनकुरा उहाँको आमा-बुवालाई मन पर्दैन्थ्यो । रविलाई सम्झाउन निकै प्रयास गर्नुभयो उहाँहरुले तर रविराज कुनै नकुनै बहानामा ब्याण्डवाजाहरुको साथमा गीत गाउनका लागि गाउँगाउँ जान जानु हुन्थ्यो ।

सर्लाहीका इश्वरनारायण सिंहले आरकेस्ट्रा चलाउनु हुन्थ्यो । रविराजले उहाँलाई आफ्नो गुरु नै मानिसक्नु भएको थियो । जतिखेर पनि इश्वरनारायणकै घरमा हुन्थ्यो रविराज । इश्वरनारायणले पनि त्यतिबेलामा रविराजमा सम्भावना देख्नुभएको थियो । एकदिन यो केटो ठूलै चमत्कार गर्छ भनि धेरैलाई उहाँले सुनाउनु हुन्थ्यो । यो कुरा उहाँले रविराजका आमा-बुवालाई पनि भन्नुभएको थियो । तर रविराजका बुवाले 'मेरो छोरा तपाईहरु जस्तो गवैया नचैया बन्दैन' भन्दै त्यहाँबाट समातेर ल्याउनु हुन्थ्यो । तैपनि कुनै नकुनै बहाना रविराज गाउनका लागि भागेर जानुहुन्थ्यो ।

दुर्गा खोभारी उच्च मावि बबरगञ्जमा पढी रहेको बेला पनि उहाँले स्कूलका हरेक कार्यक्रममा रविराजको गीत अनिवार्य जस्तै भएको थियो । उहाँलाई गीत गाउन कसैले सिकाएको होइन । रवि भन्नुहुन्छ, 'गाउँघरमा बराती (जन्ती)को समयमा हुने नाचगान तथा ब्याण्डबाजामा गाउने गीत सुन्न मलाई निकै मज्जा आउँथ्यो म पनि यसैगरि गाउँछु भनि मेरो मनमा लागि सकेको थियो । र गाउन थाले ।' उहाँले अगाडि भन्नुभयो, ' गाउँघरमा आउने कुनै पनि ब्याण्डबाजामा जान्थे र मागेर गीत गाउँथे, गाउँघरमा हुने नाचहरुमा स्टेजमा गएर गीत गाउँथे, मेरो अवाजको प्रशंसा हुन्थ्यो त्यसपछि म झन उत्साहित भएर गीत गाउँथे तर बुवालाई यो सब मन परेको थिएन ।'

**काठमाडौंको यात्रा**

२०६४ मा रविराजले एसएलसी पास गरेपछि उहाँको बुवाले साइन्स पढ्नका लागि काठमाडौं पठाई दिनुभयो । गाउँघरमा बसेपछि पढ्दैन, गीत नाचगानमा लाग्छ भनेर रविराजलाई टाढा भनेर पढ्नका लागि काठमाडौं पठाई दिनुभयो । तर क्षमता र हुनरलाई कुनै छेकवार (रोकावट)ले रोक्दैन जस्तै रविराजका लागि काठमाडौं झन राम्रो भयो । उहाँ काठमाडौं आएर साइन्समा होइन, कमर्शमा नाम लेखाउनुभयो ।

रविराजलाई थाह थियो साइन्स गाह्रो विषय हो । यसमा नाम लेखाइयो भने त्यसका लागि समय दिनुपर्छ त्यही भएर उहाँले कमर्शमा नाम लेखाउनु भयो । यो कुराको जानकारी उहाँको घरमा थिएन । रविराजका बुवा विजेन्द्र साहलाई लागेको थियो कि छोरा साइन्स पढ्न काठमाडौं गएका छन् । साइन्स पढेपछि डाक्टर पढाउँछु भनि धेरैलाई भनि सक्नुभएको थियो तर यता, छोरा रविराज साइन्स होइन कमर्शमा नाम लेखाएर गीत संगितको गतिविधिमा लागि सक्नुभएको थियो ।

गीत संगितमा रमाउन थालेको रविराजले कमर्शमा ब्याक लगाउनु भयो । कमर्शमा फेल भएपछि मात्र घरमा थाह भयो कि कि छोराले साइन्स होइन कमर्श पढ्न थालेको छ । दशैंमा घर गएको बेला छिमेकीहरुले पनि बुवाले त छोरा साइन्स पढ्न काठमाडौं गएको छ, साइन्स पढेपछि छोरालाई डाक्टरी पढाउछु भन्नुभएको थियो तर तिमी त कमर्शमा ब्याक लगाएर घर फर्कियौं भनि रविराजलाई भन्न थालेका थिए ।

**खर्चा पानी बन्द**

गाउँभरी चर्चा थियो कि विजेन्द्रको छोरा साइन्स पढ्न काठमाडौं गएको छ । तर गाउँका मान्छेले पनि पत्याएका थिएनन् । रविराज सानैमा गीत, संगित रमाएको कारण काठमाडौं गएर साइन्स पढ्छ भनि धेरैले पत्याएका थिएनन् । यी कुराहरु रविराजलाई भनिरहादा नमिठो त लागेको थियो तर उहाँमा गायक बन्ने भूत सवार भएको कारणले ती सबै कुराको वेवास्ता गर्नुभयो । विजेन्द्रका दुईजना छोरा छन् । एउटालाई इन्जिनियर र अर्कोलाई डाक्टर पढाउने इच्छा थियो । तर रविराजले त्यो इच्छा पुरा हुन दिनुभएन ।

रविराजका बुवाले रिसाएर भन्नुभएको थियो, 'तिमीलाई जे जे गर्नुछ गर, मेरो घरबाट गइहाल तिमीलाई पढ्नलाई म केही गर्न सक्दिन ।' त्यो दिनदेखि रविराजको काठमाडौंको राशन पानी बन्द भयो । रविराज दुखी मन लिएर काठमाडौं फर्किनुभएको थियो । रविराजका बुवाले छोरासँग बोलचाल समेत बन्द गर्नुभएको थियो ।

बुवाले घरबाट खर्च पठाउन बन्द गरेपछि रविराजले काठमाडौंमा मसला, कुरकुरे, चाउचाउहरु साइकलमा राखेर पसल पसलमा गएर बेच्न थाल्नुभयो । कम्पनीबाट उहाँले महिनाको चार हजार रुपियाँ पाउनुभएको थियो भने छुट्टै कमिशन पनि आउँथ्यो । सबै मिलाएर त्यतिबेला रविराजले महिनाको १३-१४ हजार रुपियाँ कमाउनु हुन्थ्यो । उहाँलाई काठमाडौं बस्न गाह्रो भएन तर घरमा उहाँको आमा कलावतीदेवी साहलाई चिन्ता थियो । कि घरबाट खर्चबर्च गइरहेको छैन छोरा के खाँदै होला, कसरी बस्दै होला ।

उहाँको आमाले छोरा रविराजलाई फोन गरेर हालचाल सोध्नुभयो । रविराजले नै यहाँ पसल पसल गएर मसला, कुरकुरे, चाउचाउ बेचेर गुजारा गरिरहेको छु भनि भन्नुभएको थियो । यसबाट उहाँको आमा निकै दुखि हुनुभयो । त्यसपछि आमा कलवत्तीले रविराजको बुवा विजेन्द्रलाई यो कुराको जानकारी दिनुभयो । रविराजको यो कुराले बुवा विजेन्द्र पनि दुखि हुनुभयो ।

# ुम्बईदेखि काठमाडौँसम्मको यात्रा

उहाँले तत्कालै रविराजलाई फोन गरेर भन्नुभयो, 'मैले रिस खिसमा केही भन्दिए, त्यसको कारणले तिमी काठमाडौँमा पसल पसल गएर समान बेच्न थाल्यौं, यो राम्रो होइन, काम छाड म पैसा पठाउँछु राम्रोसँग पढाईमा ध्यान दिनु गायक बन्नुछ भने बन तर पढाई पनि ध्यान दिनु ।' त्यसपछि रविराजले पसल पसलमा समान बेच्ने काम छाड्नु भएको थियो । घरबाट पनि सहयोग हुन थाल्यो । काठमाडौँमा पनि रविराजले जानपहचान (चिनजान) बढाउनु भएको थियो ।

**काठमाडौँमा गायन**

कार्यक्रमहरुमा जाँदा रमा मण्डल, गुरुदेव कामत जस्ता गायकहरुसँग चिनाजान भएको थियो उहाँको । काठमाडौँमा हुने साँस्कृतिक कार्यक्रममा उहाँले भाग लिन थाल्नुभयो । त्यसबाट पनि थोरबहुत आम्दानी उहाँलाई हुन थाल्यो । त्यतिबेला मधेश आन्दोलन पनि सकिएको थियो । काठमाडौँमा मधेशीको चहल पहल बढेको थियो । प्रत्येक केही नकेही कार्यक्रमहरु हुने गर्थ्यो । त्यसमा रविराज भाग लिनुहुन्थ्यो । रानीपोखरीमा भएको छठ पर्वमा उहाँले गीत गाउने मौका पाउनु भएको थियो । त्यो पनि लास्टमा ।

रविराज भन्नुहुन्छ, 'त्यहाँ गीत गाउनका लागि निकै प्रयास गरेको थिए मलाई अन्तिममा गीत गाउन दियो तैपनि मैले धमाल मचाई दिएको थिए, त्यहाँ सबैले मेरो प्रशंसा गर्नुभयो । त्यसपछि म झन उत्साहित भए ।' त्यसपछिका दिनमा रविराजले बोलाएको न बोलाएको ठाउँमा गएर पनि गीत गाउन थाल्नुभयो । जहाँ जाँदा पनि उहाँले एक मौका माग्नुहुन्थ्यो र आफ्नो स्वरले मोहित सबैलाई पार्नुहुन्थ्यो ।

**बुवाको ताली**

बसन्धुरामा विश्वकर्मा पूजाको उपलक्ष्यमा साँस्कृतिक कार्यक्रम थियो । त्यहाँ रविराज पनि पुग्नुभएको थियो । काठमाडौँ आएको बेलामा साथमा उहाँको बुवा पनि पुग्नुभएको थियो । रविराजले गीत गाउन थालेपछि हलभरी ताली गुञ्जिएको थियो । उहाँको बुवाले पनि ताली बजाउनु भएको थियो । त्यतिबेला उहाँको बुवाले महसुस गर्नुभयो कि म छोराको बारेमा गलत सोच्दो रहेछु, उनले त राम्रो गरिरहेको छ ।'

त्यसपछि बुवा विजेन्द्रले रविराजलाई भन्नुभयो, 'छोरा तिमीलाई गीत संगितमै काम गर्नुछ भने राम्रोसँग गर, यसको लागि केही पढ्नुपर्छ भने पढ यसको लागि म सहयोग गर्छु तिमीलाई मन छ भने यही क्षेत्रमा राम्रो गरेर देखाउ ।' त्यसदिन रविराज निकै खुशी हुनुभएको थियो । त्यसपछि उहाँ खुलेर गीत संगितको क्षेत्रमा लाग्नुभयो ।

गायकको रुपमा उहाँको परिचय बन्न थाल्यो । त्यसपछि उहाँलाई कार्यक्रमको निमन्त्रणा पनि आउन थाल्यो । कोही पैसा दिएर बोलाउँथे भने कोही त्यतिकै पनि बोलाउथे उहाँलाई । तर उहाँ गीत गाउन कहि कतै हिचकिचाउनु हुन्थेन । सकेजति सबै ठाउँमा राम्रो गर्ने प्रयास हुन्थ्यो ।

**रेडियो नेपालको परीक्षा**

उहाँले २०६७ सालमा रेडियो नेपालमा स्वर परीक्षा दिनुभयो रविराजले । उहाँले त्यहाँ पास पनि गर्नुभयो तर गायक रमा मण्डलको सुझावले रेडियो नेपालमा काम गर्नुभएन । रमा मण्डल पनि रेडियो नेपालमा नै कार्यरत हुनुहुन्थ्यो तर उहाँले रविराजलाई भन्नुभयो, 'मैले पुरा जीवन यसैमा बिताए तर केही प्रगति भएन, यहाँ इगेंज भएर केही प्रगति हुँदैन, तिमीमा निकै सम्भावना छ, अहिले उमेर पनि बाँकी छ अझै आफूलाई निखार्नुस् यसरी कलेज क्याम्पस तथा कार्यक्रमहरुमा गाएर गायक बनिदैन यसका लागि अझै प्राइक्टिस गर्नुपर्छ ।'

नेपाल गीत संगितका लागि सानो मार्केट हो । यहाँ बसेर केही हुँदैन बरु स्ट्रगल नै गर्नुछ भने मुम्बई (भारत)तिर जा त्यहाँ थप प्राइक्टिस गर । त्यहाँ कही गर्ने प्रयास गर, त्यहाँ केही गर्ने सम्भावना पनि छ तर यहाँ नेपालमा यसैगरि जीवन सकिन्छ', गायक रमा मण्डलले भन्नुभएको थियो ।

**मुम्बईको यात्रा**

यो कुरा रविराजलाई निकै छोयो । गायन क्षेत्रमा केही गर्नुछ भनेर उहाँ नेपाल छाड्ने निष्कर्षमा पुग्नुभयो । सन् २०११ मा पहिलो पटक उहाँ मुम्बई जानुभयो । मुम्बईमा गएर ठूलो गायक बन्ने, ठूला ठूला फिल्ममा गीत गाउने सपना लिएर उहाँ त्यहाँ पुग्नुभएको थियो ।

काठमाडौँमै क्याम्पस पढ्दा भारत विहार सीतामढीका सुरज चौधरीसँग चिनजान भएको थियो । चौधरी पनि सोही क्याम्पसमा कमर्श पढ्नु हुन्थ्यो । तर उहाँले पनि बीचैमा पढाई छाडेर उहाँ पनि मुम्बई जानुभएको थियो । मुम्बई गएर रविले सुरजलाई सम्पर्क गर्नुभएको थियो । सुरजले रविराजलाई आफ्नो गाउँले साथीहरु कहाँ राख दिनुभयो । एलवेस्टरको छाना भएको फुसको घर थियो । एउटै कोठामा चार पाँचजना बस्थे ।

उनीहरुसँगै रवि पनि बस्न थाल्नुभयो । रविको खर्च सुरज नै ब्यहोर्नुहुन्थ्यो । सुरजका साथीहरु पनि रविराजलाई मन पराउनु हुन्थ्यो । उनीहरु थाकेर आएपछि रविराजले गीत सुनाएर मनोरञ्जन गराउनु हुन्थ्यो । त्यसले गर्दा उहाँहरुको बीचमा राम्रो दोस्ती भइसकेको थियो । रविराजलाई खर्च गर्न दिइरहेका थिएनन् उनीहरुले ।

त्यहाँ रविराजको काम विहानै पत्रिका किन्ने र त्यसमा गीतको अडिसन कहाँ कहाँ छ त्यो हेरेर ती ठाउँमा जाने काम हुन्थ्यो । उहाँको



दैनिकी नै त्यही भइसकेको थियो । मुम्बई अन्धेरीको प्रायः सबै स्टुडियो चक्कर उहाँले लगाउनु भयो । रविराज केही समयपछि सुभाष पासी को घरमा बस्नुभयो । सुभाष पासी मुम्बईका विजनेश म्यान हुनुहुन्छ । उहाँले कलाकारलाई निकै माया गर्नुहुन्छ रे । त्यो कुरा उहाँलाई कसैले मुम्बईमा भनेको थियो । उहाँ सुभाष पासी कहाँ गएर 'मै नेपाल से आया हुँ, मै गायक बन्न चाहता हुँ आपका सहयोग चाहिये' म नेपालबाट आएको छु तपाईको सहयोग चाहियो भन्नुभएको भएको थियो । सुभाष पासीले रविलाई आफ्नै घरमा राख्नुभयो । त्यहाँ अरुअरु कलाकार पनि थिए । भोजपुरी फिल्मका निरुहुवा, रवि किशन, पवन सिंहलगायतका कलाकारहरु पनि त्यहाँ आउनु हुन्थ्यो । उहाँहरुसँग रविराजको त्यही चिनजान भएको थियो । रविराज उहाँहरुसँग विभिन्न कार्यक्रमहरुमा जानुहुन्थ्यो । त्यहाँ विभिन्न स्टेज गीत गाउनु हुन्थ्यो । उहाँको आवाजको तरिफ हुन्थ्यो । तर तारिफले भेट भर्दैन । भेटभरि खाना पनि पाउदैन्थे ।

विभिन्न कार्यक्रम गर्नुको साथै ठाउँ ठाउँमा अडिशन दिन पनि जानुहुन्थ्यो । नेपालमा उहाँ तारिफ हुँदा मुम्बई गएर स्टार बन्छु भनि सपना रविराजको थियो तर त्यो सपना पुरा गर्न सजिलो छैन भनि रविराजले थाह पाइसक्नु भएको थियो ।

रविराज भन्नुहुन्छ, 'म जहाँ जान्थे मलाई दुई लाइन गाउन लगाउथे र मेरो गीत सुनेर भन्नुहुन्थ्यो 'बेटा और मेहनत करो' । त्यसपछि मेरो औकात थाह भयो ।'

ब्याण्डवाजा, आर्केस्ट्रा, साँस्कृति कार्यक्रमहरुमा वाहवाही कमाएका रविराजलाई लाग्यो मुम्बई गएर सिधै फिल्ममा गीत गाउन पाइन्छ र रातारात स्टार भइन्छ । तर अडिसनमा जाँदा रविराजको आफ्नो क्षमताको पहिचान भयो । यो क्षेत्रका लागि आफू केही पनि होइन भनि रविराजले राम्रोसँग थाह पाउनुभयो । त्यहीं बीचमा उहाँको क्याम्पसमा परीक्षाको समय तालिका निस्कियो । परीक्षा दिने भनेर उहाँ काठमाडौँ फर्किनुभयो ।

काठमाडौँ आएपछि उहाँले परीक्षा दिएर गीत संगितमा लाग्नुभयो । नेपालमै काम पाउन थाल्नुभयो । कमाइ पनि राम्रै हुन थाल्यो । महिनाको ५० हजारभन्दा बढी कमाउनु हुन्थ्यो उहाँले । मुम्बईमा हुँदा नै उहाँले लागेको थियो कि थप मेहनत गर्नुपर्छ । त्यही भएर उहाँले गायन सिक्नका लागि पहिलो पटक ऋती संगित विद्यालय पुतली सडकमा नाम लेखाउनु भयो । उहाँको गुरु हुनुहुन्थ्यो, नरहरी प्रमी । रविराज अध्ययन गर्न थालेपछि उहाँका बुवा विजेन्द्र वैदेशिक रोजगारीमा साउदी जानुभयो । उहाँलाई लागेको थियो कि छोराहरु कमाई गर्न थालेपछि घर चल्छ तर दुईटै छोरा आआफ्नो क्षेत्रमा पढाई गरिरहेको कारण उहाँहरुको खर्चको जोहोको लागि उहाँ वैदेशिक रोजगारीमा विदेश जानु भएको थियो ।

रविराजको भाइ रमेश साह भारतको बेङ्गलोरमा इन्जिनियर पढि रहनु भएको थियो । यता, रविराजको खर्च उता रमेशको खर्च जोहो गर्न विजेन्द्रलाई घरबाट गाह्रो भइरहेको थियो । त्यही भएर वैदेशिक रोजगारमा जानुभएको थियो । रविराज भन्नुहुन्छ, 'भाइ भारतमा, आमा घरमा, म काठमाडौँमा र बुवा साउदीमा हुनुहुन्थ्यो हामी साँच्चै त्यतिबेला स्ट्रगलमा थियौं ।' रविराजले एक वर्ष ऋती पाठशालामा अध्ययन गर्नुभयो । त्यसपछि नरहरी प्रेमीको सुझावमा रविराज सन् २०१५ मा पुनः मुम्बई जानुभयो ।

रविराज भन्नुहुन्छ, 'पहिलो पटक म स्टार बन्नका लागि मुम्बई गएको थिए भने दोस्रो पटक एउटा विद्यार्थीको रुपमा संगित सिक्नका लाीग त्यहाँ गएको थिए ।' मुम्बई गएर पण्डित जसराज संगित पाठशालामा नाम लेखाएर पढ्न थाल्नुभयो । ३-४ महिना पढेपछि अखिल भारतीय गन्धर्व महाविद्यालय राम्रो छ भनि थाह पाएर उहाँ त्यहाँ जानुभयो । त्यहाँ मधुसुदन आपटेसँग संगितको ज्ञान लिन थाल्नुभयो । तीन वर्ष जति त्यही महाविद्यालयमा अध्ययन गर्नुभयो । उहाँले पढाईका साथै विभिन्न सांगितिक कार्यक्रमहरुमा जान थाल्नुभयो ।

महाविद्यालयमार्फत थुप्रै कलाकारहरुसँग चिनजान भएको थियो । त्यसैको आधारमा विभिन्न प्रोग्राममा बोलाउन थाल्यो रविराजलाई । अलिअलि कमाई पनि हुन थाल्यो । मुम्बईमा बस्ने खाने समस्या उहाँलाई भएन । त्यहाँ उहाँ रौतहटका रुद्रनारायण तिवारी र भारत विहारका रुपेश झासँग चिनजान भएको थियो । उहाँ तीनैजना सँगसँगै बस्न थाल्नुभयो । त्यही प्रवेश मल्लिकसँग पनि चिनजान उहाँको भएको थियो ।

प्रवेश मल्लिकले पनि उहाँलाई हौसला नै दिनुभएको थियो । रविराजलाई गीत संगितमा सहयोग गरिरहनु भएको थियो । रविराजको प्रगति नै थियो । मुम्बईमा उहाँ विस्तारै आफ्नो ठाउँ बनाई रहनु भएको थियो ।

**लोकस्टारका स्टार**

सन् २०१९ मा रविराजलाई नेपालबाट नरहरी प्रमीको एउटा म्यासेज गयो कि नेपालमा लोकस्टार रियालिटी टिभी ( एपी वन टीभी) शो कार्यक्रम हुँदैछ । त्यसमा तराई मधेशबाट पनि पार्टिसिपेट गर्न सकिन्छ । त्यसमा तराई मधेशको गीत पनि चाहिन्छ । अडिशन चलिरहेको छ, सक्छौ भने आउ नत्र त्यहीबाट अडिशन देउ ।' हतार भएको कारण रविराज त्यहाँबाट आउन सक्नु भएन तर उहाँले आफ्नो गीत रेकर्ड गरेर पठाई दिनुभयो । अर्थात डिजिटल अडिशन दिनुभयो ।

त्यसैलाई मान्याता दिएर उहाँलाई लोकस्टारका लागि छनौट गर्‍यो । लोकस्टारका लागि छनौट भएपछि उहाँ नेपाल फर्किनुभयो ।

त्यो लोकस्टारमा उहाँले राम्रै काम गर्नुभयो । उहाँले गाउने गीतको चौतर्फी चर्चा हुन थाल्यो । लगभग हरेक भाषाका लोकगीतहरु उहाँले गाउनुभयो । उहाँको पोजिशन राम्रै गइरहेको थियो । बेलाबेलामा उहाँ विवादमा पनि पर्नुभयो । मधेशी भनेर त्यहाँ हेप्ने काम पनि भयो । तैपनि उहाँले हिम्मत हार्नुभएन । लगनशिलताका साथ काममा लागि रहनुभयो । तर उहाँ छैठो पोजिसनसम्म मात्र पुग्नुभयो । यहाँ नेपालमा छोरा लोकस्टारमा राम्रो गरिरहँदा उता साउदीमा बुवाको मन खुशी थियो । काम गर्ने ठाउँमा उहाँलाई छुट्टै सम्मान गर्न थाल्यो । कम्पनीका मालिकले पनि उहाँलाई सम्मानजनक व्यवहार गर्न थालेका थिए ।

उहाँ भन्नुहुन्छ, 'म त्यहाँ जित्न नसकेपनि म विश्वमा चिनिएको छु, मलाई सबैले एउटा गायकको रुपमा चिन्न थालेको छ त्यो नै मेरो लागि सबभन्दा ठूलो जित हो ।' लोकस्टारबाट बाहिरिएपछि उहाँलाई कामको ओइरो लाग्यो । देश विदेशबाट उहाँलाई कार्यक्रमका लागि बोलाउन थाल्यो । भिजिट मधेशले उहाँलाई साँस्कृतिक राजदूत बनायो । मलेसियालगायत विभिन्न देशमा गएर उहाँले कार्यक्रमहरु गर्नुभयो । तराई मधेशको कला सँस्कृतिलाई जगेर्ना गरेको भन्दै मधेश सरकारले उहाँलाई पाँचलाख रुपियाँसहित सम्मान पनि गरेको थियो । मेधश प्रदेशको सबभन्दा ठूलो राशीको सम्मान त्यही नै थियो ।

उहाँ नेपालमा यति व्यस्त हुनुभयो कि मुम्बई फर्किने अवस्था नै आएन । मुम्बई फर्किने गरि उहाँ नेपाल आउनु भएको थियो । तर उहाँ नेपालमा स्टार बन्नुभयो । विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाले उहाँलाई सम्मान गर्नुको साथै काम दिन थाल्यो । लण्डन, बंगलादेश। अमेरिकालगायतका देशमा कार्यक्रमका लागि जाने तयारी थियो उहाँको । तर त्यही बीचमा कोरोना महामारी सुरु भयो । सबै कार्यक्रम रद्द भयो ।

उहाँ गाउँ फर्किनुभयो । गाउँमा उहाँ तीन महिना बस्नुभयो । कोरोना केही समान्य भएपछि काठमाडौँ फर्किनुभयो । केही कामहरु सुरु भयो । छठलगायतका पर्वहरुको गीत रेकर्डिङ गर्ने काम आएको थियो । तर त्यही बीचमा उहाँको जीवनमा यस्तो घटना भयो कि उहाँको सबै काममा ब्रेक लाग्यो ।

घटनाबाट बाहिर आएपछि उहाँ पुनः आफ्नो काममा लाग्नुभएको छ । हालसम्म उहाँले पाँचसय भन्दा बढी स्टेज शो गरिसक्नु भएको छ भने दुई दर्जनभन्दा बढी हिन्दी, नेपाली, मैथिली, भोजपुरी भाषाका गीत गाउनुभएको छ । उहाँले आफ्नै कम्पनी सवरंग मल्टी मिडिया ग्रुप दर्ता गराउनु भएको छ । उहाँले त्यसैमार्फत आफ्ना नयाँ नयाँ काम अगाडि बढाउने सोचमा हुनुहुन्छ । उहाँले लोकसँस्कृति, आधुनिकलगायतका गीत गाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'म थोरै गीत गाउँछु तर आफ्नो काला सँस्कृति, परम्पारा, लोकलाजलाई ख्याल गरेर गाउछु । चर्चा पाउनका लागि जे पाए त्यही गीत कहिले गाइनन् र आउने दिनमा पनि गाउदिन ।' उहाँ गीत गाउनुको साथै गीत कम्पोज पनि गर्नुहुन्छ । सगितकार संघ, पर्फमर सोसाइटी र रोयल्टी संकलन समाजकाका सदस्य पनि हुनुहुन्छ ।

बाँकी पृष्ठ १२ मा

# शिक्षामा सूचना अधिकारी तोक्ने पहल

नेपाल राष्ट्रिय शिक्षक संगठन, सिरहाले शिक्षा विकास तथा समन्वय इकाइमा सूचना अधिकारी तोक्न प्रस्ताव गरेको छ । संगठनका सिरहा जिल्ला अध्यक्ष रामसेवक यादव सहितका संगठनका नेताले इकाइ प्रमुख रामवृक्ष महतोसमक्ष इकाइमा सूचना अधिकारी तोकी फ्लेक्स बोर्ड राख्न, नागरिक वडापत्र, मापदण्ड बनाएर शिक्षकलाई तालिममा पठाउने र शैक्षिक गुणस्तर वृद्धिका लागि इकाइले पालिकाहरुसँग समन्वय गरि कार्य गर्नुपर्ने गरेको प्रस्ताव गर्नुभएको छ ।

इकाइ प्रमुखले महतोले १/२ दिनभित्रै सूचना अधिकारीको फ्लेक्स बोर्ड राखिने र बाँकी काम बिस्तारै गरिदै जाने बताउनुभयो । हरेक सार्वजनिक निकायमा सूचना अधिकारी तोकाउन २०७९ साउन २६ गते सूचनाको हकको अभियन्ता परशुराम साहले जिल्ला प्रशासन कार्यालय, सिरहामा दिएको निबेदनपछि प्रशासनले विद्यालयमा समेत सूचना तोक्न इकाइलाई निर्देशन गरेका थिए । सो निर्देशनपछि, इकाइले सूचना अधिकारी तोक्न विद्यालयहरुलाई पत्राचार गरेका थिए । सो पत्राचारलाइ विद्यालयहरुले कार्यान्वयन गर्न मानेनन । २०७९ असोज ६ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला स्थित कार्यालयहरुको सूचना अधिकारीहरुको बैठकवाट सूचना अधिकारी तोकी फ्लेक्स बोर्ड राख्ने निर्णय गरि पत्राचार गरेका थिए । प्रशासनले २०७९ मंसीर २० मा फेरि ताकेदा पत्र काटेको छ ।

सूचनाका अभियन्ता साहले सिरहाका १७ वटै पालिकासंग ,पालिका अन्तर्गतका हरेक सार्वजनिक निकायका सूचना अधिकारीको फ्लेक्स बोर्डको प्रतिलिपी उपलब्ध गराउन मांग गरेको सूचना ,प्रशासन र इकाइको परिपत्र पछि हेडमास्टरहरुले पेसागत संस्थाका नेताहरु समक्ष यो प्रकृया रोकाउन, सूचनाका अभियन्ता उपर दवाव सृजना गर्न प्रस्ताव गर्न थाले । तर केही न चलेपछि, संगठनले पनि सूचना अधिकारी तोक्नुपर्ने निर्णय गरियो । संगठनले यसरी निर्णय गरिसकेपछि, केही हेडमास्टरले, पहिला इकाइमा सूचना अधिकारी तोकाउन प्रस्ताव गरेका थिए ।

# श्रीमतीको लागि यस्तो त्याग !

मंसिर ४ गतेको चुनाव सकेलगतै जनता समाजवादी पार्टी नेपालभित्र संघीय परिषद्का अध्यक्ष अशोक राईलाई सो पार्टीका अध्यक्ष उपेन्द्र यादवको विरुद्ध उभ्याईएको जस्तो देखिन्छ । खासगरि अशोक राई सुनसरी १ बाट चुनाव जितेपछि पार्टीभित्र र बाहिर त्यो छनक दिएको हो । जसपाका अध्यक्ष उपेन्द्र यादवले चुनावपछि काठमाडौं आएर सप्तरी फर्केको बेला विराटनगर एयरपोर्टमा एमालेसँगको गठबन्धन भङ भएको अभिव्यक्ति दिनुभएको थियो ।

त्यसको भोलीपल्ट अध्यक्ष राईले सुनसरीबाट नै यो उपेन्द्र यादवको व्यक्तिगत धारणा हो, एमालेसँग गठबन्धन टुटेको छैन । एमालेसँगको गठबन्धन भविष्यमा पनि कायम रहने अभिव्यक्ति दिनुभएको थियो । यो कुराले मिडियामा निकै ठूलो स्पेश पायो भने पार्टीभित्र पनि यो चर्चाका विषय बन्यो । तर जसपाका अध्यक्ष उपेन्द्र यादवलाई यो कुराले चित्त बुझेन । एमालेसँग कुनै गठबन्धन थिएन । चुनावसम्मका लागि मात्र केही सीटमा तालमेल गरिएको थियो । चुनाव सकिएपछि त्यसको औचित्य सकिएको र आवश्यकता पर्‍यो भने पुनः नयाँ ढंगबाट अगाडि बढ्न सकिने धारणा उहाँको थियो । तर अशोक राईले त्यो कुरा बुझ्दै नबुझि सिधै एमालेसँगको गठबन्धन भत्किदैनन् भनेर अभिव्यक्ति दिएपछि सो कुरा विवादमा आएको हो । एमालेका पुरानो नेता रही सक्नु भएका अशोक राई सो पार्टीप्रतिको मोह देखाउनुलाई पार्टीभित्र चर्चाको विषय बनेको छ । सोही विवादका कारण अशोक राईप्रति उपेन्द्र यादवको मन अमिलो भयो । अशोक राइलाई संसदीय दलको नेता बनाउने बनाएको मन पनि बिग्रियो र भत्कियो । त्यो कुराको छनक अशोक राइले समेत थाह पाइ सक्नुभयो । संसदीय यदलको नेता बन्छु भनि मन अशोक राइको पनि थियो । पार्टीमा अध्यक्ष यादवसमक्ष प्रस्ताव पनि गर्नुभएको थियो तर उपेन्द्र यादव आफूप्रति सकारात्मक नरहेको थाह पाएपछि उहाँ पछाडि हट्नुभयो । अध्यक्ष यादवले रामसहाय यादवलाई अगाडि सारेपछि अशोक राईलगायतका सांसदहरुले पनि सहयोग गर्नुभयो ।

संसदीय दलको नेता नबनेपछि उहाँ मन्त्री पनि नबन्ने मन बनाइ सक्नु भएको छ । तर उहाँको लागि बाहाना गृहमन्त्री रवि लामेछाने र अर्थमन्त्री विष्णु पौडेल हुनुभएको छ । उहाँ दुवैजना उपप्रधानमन्त्री पनि हुनुहुन्छ । आफूभन्दा जुनियरहरु उपप्रधानमन्त्री भएको कारण आफू सो क्याविनेटमा मन्त्री नबन्ने पार्टीमा भन्दै आउनु भएको सो पार्टी स्रोतले जनाएको छ । अशोक राईलाई मन्त्री पनि बन्न नदिने लविङ पार्टीमा सुरु भएको थियो । मधेशबाट जित्नु भएका सांसदहरुले अशोक राईलाई मन्त्री बन्न नदिने मधेशबाट नै मन्त्री बनाउने गृहकार्यमा लागेको कुरा अशोक राईले थाह पाएका छन् । अनि उहाँले आफू मन्त्री बन्ने भन्नुभएको छ तर त्यस ठाउँमा आफ्ना श्रीमती सुशिला श्रेष्ठलाई अगाडि सार्नुभएको छ । उहाँले आफ्नो श्रीमीतलाई मन्त्री बनाउनका लागि यी सब त्याग गर्नुभएको सो पार्टीका नेताहरु बताउँछन् । अरु उहाँका सब बाहाना हुन् ।

# मधेशमा थाहै नदिइकन चिनियाँ क्याम्प

पछिल्लो समय चीनले नेपालमा आफ्नो गतिविधि तीब्र रुपमा अगाडि बढाएको छ । २०७४ को चुनावपछि बनेको सरकारलाई एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेतृत्व गरेपछि नेपालमा चीनका गतिविधिले तीब्रता पाएको थियो । एमाले-माओवादी केन्द्रलाई मिलाएर नेकपा बनाउने काम चीनले गरेको थियो । त्यसको मौकाको फाइदा चीनले उठायो । चीनले हरेक क्षेत्रमा आफ्नो मान्छे छिराउन थाल्यो । नेपालका हरेक प्रोजेक्ट आफ्नो हातमा लिन थाल्यो । सरकारमा जवर्जस्त रुपले आफ्नो हस्तक्षेप बढाउन थाल्यो । त्यतिबेला भारत रक्षात्मक अवस्थामा पुगेको थियो ।

जब नेकपा विभाजन भएर एमाले र माओवादी अलग अलग भयो र ओली नेतृत्वको सरकार ढलेपछि शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्यो । त्यसपछि चीन थोरै छायाँमा पर्‍यो । देउवा नेतृत्वको सरकारमा चीनले आफ्नो गतिविधि त्यति गर्न पाएनन् । पाएका थुप्रै प्रोजेक्टहरु फिर्ता हुन थाले । ठेक्काहरु रद्द हुन थाले । उता, चीनले पनि नेपाल-चीन नाकामा नाकाबन्दी जस्तै गर्‍यो । र, त्यसपछि नेपालमा भारत पुनः हावी भयो ।

चीनले मधेशमा पनि आफ्नो सञ्जाल विस्तार गर्न सफल भएको छ । त्यहाँका सरकारदेखि लिएर विभिन्न मन्त्री, सांसदसँग सम्पर्क बनाएर मधेशमा पनि आफ्नो कार्यक्रमहरु राख्न सफल भयो । र, त्यही क्रममा एउटा चिनियाँ कम्पनीले महेन्द्र राजमार्ग विस्तार गर्ने ठेक्का प्राप्त गर्‍यो । जुन राजमार्ग तराई मधेश हुँदै गएको छ । सो चिनियाँ कम्पनीले सिरहाको लहानमा आफ्नो क्याम्प खडा गरेको छ ।

त्यहाँको दरवार होटल पुरै भाडामा लिएको छ । सो होटललाई महिनाको सात लाख भाडा मात्र तिर्छ । त्यहाँबाट भारतको बोर्डर १८ किलोमिटर मात्र रहेको छ । राजमार्ग विस्तारका लागि सो अफिस खडा गरेपनि त्यहाँ चाइनिजहरुको आउजाउ बाक्लै हुन्छन् । चिनियाँहरुको गतिविधिहरु प्रष्ट रुपमा देख्न पाइन्छ । त्यहाँ जाने चिनियाँहरु त्यहाँका स्थानीयहरुसँग घुलमिल भइरहेका छन् । काम गर्ने लेवरहरु समेत चीनबाट नै आएका छन्, अन्य बाँकी लेवरहरु त्यहीँका स्थानीहरु छन् । त्यही स्थानीमार्फत चिनियाँहरु गाउँघरमा पनि आफ्नो सम्बन्ध स्थापित गरिरहेको छ ।

# विमलेन्द्र निधिलाई अर्को धक्का

पाँच दलीय शक्तिशाली गठबन्धन जोगाउन नसक्नु भएका काँग्रेस नेता विमलेन्द्र निधिलाई अर्को धक्का लागेको छ । उहाँले मधेश प्रदेशको प्रदेश सभाका लागि संसदीयको नेतामा उठाउनु भएका राम सरोज यादव नराम्रो गरी हार्नुभएको छ । संसदीय दलको नेतामा रौतहटका कृष्णप्रसाद यादव जित्नुभएको छ । यसअघि पनि पार्टीको प्रदेश समिति अध्यक्षमा नेता निधिले रामसरोज यादवलाई उठाउनु भएको थियो तर त्यसमा पनि कृष्ण यादवले नै बाजी मार्नुभएको थियो ।

२०७४ मा धनुषा ३ बाट चुनाव हार्नुभएको नेता निधि दिनदिनै ओरालो लाग्ने अवस्थामा पुग्नुभएको थियो । त्यसपछि भएका स्थानीय चुनावमा पनि आफूले चाहेको व्यक्तिलाई जिताउन सक्नु भएन । शेरबहादुर देउवाको विरुद्धमा उहाँले सभापतिमा उम्मेदवारी दिनुभएको थियो । त्यसमा पनि हार्नुभएको थियो । उहाँले सोचे अनुसार चुनावमा टिकट पनि वितरण गर्न सक्नु भएन । काँग्रेसको प्रदेश समितिमा पनि आफ्नो मान्छे जिताउन सक्नु भएन । देउवा समूहमा रहेर त्यसकै विरुद्धमा गतिविधि गर्न थालेपछि देउवाले निधिको विकल्पमा त्यहाँ अरुअरु नेता खडा गर्नुभयो ।

धनुषामा महेन्द्र यादवलाई निधिको विकल्पमा खडा गरियो भने पर्सामा रमेश रिजालाई नेताको रुपमा स्थापित गरियो । कृष्ण यादव देउवा समूहमा रहेर पनि निधिलाई आफ्नो नेता मान्नु हुन्न । मधेशमा काँग्रेसभित्र रहेको निधिको सम्राज्य विस्तारै विस्तारै ढल्दै गयो । यता, पछिल्लो समय पार्टीका सभापति शेरबहादुर देउवाले निधिमाथि ठूलो विश्वास गरेर गठबन्धन जोगाउनमा भूमिका खेल्न जिम्मेवारी दिएको थियो । भारतले पनि निधिमाथि विश्वास गरेको थियो । निधिले गठबन्धन जोगाउन निकै दौडधुप गर्नुभयो । उहाँले एमालेका अध्यक्ष केपी शर्मा ओलीदेखि लिएर माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायतका नेताहरुलाई भेट्नु भएको थियो ।

सबैबाट सकारात्मक जवाफ आएको रिर्पोट उहाँले तत्कालिन प्रधानमन्त्री देउवालाई गर्नुभएको थियो । उहाँले गठबन्धन फुट्दैन ढुक्क भएर रहन प्रधानमन्त्री देउवालाई भन्नुभएको थियो । माओवादीले गठबन्धन फुटाए पनि एमालेले प्रचण्डलाई साथ दिदैन भन्ने कुराको विश्वास समेत उहाँले दिनुभएको थियो । निधिले भनेको कुराले गर्दा तत्कालिन प्रधानमन्त्री देउवा ढुक्क हुनुभएको थियो । आखिर त्यसको भालीपल्ट नै गठबन्धन विभाजन भयो र सबै कुरा भत्ताभुङ्ग भयो । देउवाले यसको दोषी निधिलाई पनि देख्नुभएको छ । निधिले आफूलाई गलत रिर्पोटिङ गरेको बुझाई सभापति देउवाको रहेको छ ।

## देउवाले...

थियो तर त्यसलाई ठिकसँग विश्लेषण नै नगरि कन सूचनाहरुलाई 'इगनोर' गर्नुभएको थियो । उहाँलाई प्रचण्ड र एमालेका अध्यक्ष ओलीप्रति पूर्ण विश्वास थियो । प्रचण्डले गठबन्धन छाडेर गएपनि ओलीले उहाँलाई साथ दिँदैनन् भने एजेन्सीहरुले उहाँलाई विश्वस्त बनाएको थियो । त्यही कुरा तत्कालिन प्रधानमन्त्री देउवाले भार तीय दूतावासलाई पनि ब्रिफ गर्नुभएको थियो । प्रचण्ड वा ओलीको समर्थनमा प्रधानमन्त्री आफू नै बन्ने हो विश्वास दूतावासलाई उहाँले दिलाई रहनु भएको थियो । प्रचण्डले गठबन्धन छाडेर गएपछि एमालेको समर्थनमा सरकार बनाउने कुराको जानकारी पनि दूतावासलाई गर एको थियो । दूतावासले पनि यो गठबन्धन नभत्कोस्, बरु पहिलो चरणमा प्रचण्ड नै प्रधानमन्त्री बनोस् तर गठबन्धन नभत्कोस् भनि रहेको थियो । दूतावासको चाहना पनि कुरा मिलेन भने राष्ट्रपति वा प्रधानमन्त्रीमध्ये एउटा माओवादीलाई दिएर गठबन्धन जोगाउनु पर्छ भनि थियो । किनभने यो गठबन्धन बनाउन भारतीय दूतावासले निकै मेहनत गरेको थियो ।

दूतावासले पनि आफ्नो सुत्रहरु प्रयोग गरेर बुझ्दा माहोला काँग्रेसकै पक्षमा रहेको थियो तर दूतावासले पनि त्यसलाई मसिनो तरिकाले विश्लेषण गर्न सकेनन् । शहरि या एजेण्टको भरमा ढुक्क भएर बस्यो । काँग्रेसका नेता विमलेन्द्र निधिले पनि एक राउण्ड सबैसँग कुरा गर्दा पनि माहोल काँग्रेसकै पक्षमा रहेको ब्रिफिङ बालुवाटारदेखि लै जनचौरसम्म भएको थियो ।

तर नेता वर्षमान पुन नेपाल फर्केपछि सबै माहो ल बिगारिसकेको भेउ कसैले पाउन सकेन । प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भएपछि चीनले लगाएको नाकाबन्दी पनि खुल्ला गर्‍यो । नेपालमा स्थगित रहेको रेल सम्बन्धी अध्ययन गर्नका लागि चीनबाट एउटा टोली पनि नेपाल आइपुग्यो । नेपालबाट चीन जाँदा कोभिड जाँच गराएर क्वारेन्टाइनमा राखिन्थ्यो ती सबै कुरा खारेज गरेको छ । चीनका कार्यबाहक राजदूत प्रचण्डलाई भेटेर शुभकामना दिएका छन् । पुस ११ गतेको चिनियाँ विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रचण्ड नेतृत्वका सरकारलाई शुभकामना दिँदै चीनको बीआरआई प्रोजेक्ट कार्यान्वन हुने अपेक्षा पनि व्यक्त गरिएको थियो । त्यसैगरी पुस १५ गते चिनका कार्यबाहक राजदूत वाङजिनले प्रधानमन्त्री प्रचण्डलाई भेटेर चिनका प्रधानमन्त्रीले दिनुभएको शुभकामना सन्देश हस्तान्तरण गर्नुभयो ।

## मधेशमा...

गर्छ । धेरै कुरा म अहिले भन्न सक्दिन तर एउटा कुरा अवश्य भन्छु कि अरु पार्टी जस्तो जनमत पार्टी त्यहाँ कुर्सीमा निदाएर बस्दैन । जनतासँग गरेको प्रतिवद्धता पुरा गराउँछ । प्रतिवद्धता पुरा गराउन सकिएन भने पाँच वर्षपछि पुनः चुनाव हुन्छ त्यसको हिसाब किताब जनताले लिन्छ । त्यो कुराको जानकार जनमत पार्टी छ । १० लाख युवालाई मात्र होइन, त्यो भन्दा बढी युवालाई रोजगार दिलाउन सकिन्छ । नेपाल धेरै कुरामा सम्भावना भएको देश हो । जडिबुटी, पर्यटन, कृषि, जलस्रोतलगायतका क्षे त्रमा निकै सम्भावना छ । काम गर्नका लागि इच्छा शक्ति हुनुपर्छ । र, त्यो इच्छा शक्ति जनमत पार्टीसँग छ ।

**यत्रो पुरानो र वर्षौंको अनुभवी काँग्रस, एमाले, माओवादी जस्ता दलले यो देशमा केही गर्न सकेन तपाईको एउटा सानो पार्टीले यी प्रतिवद्धताहरु पुरा गराउन सक्ला भनि विश्वास गर्ने आधार के छ ?**

बालेन शाह पनि चुनाव जित्नुहुन्छ र काठमाडौं महानगरपालिकाको मेयर बन्नुहुन्छ भनि कसैले सोचेका थिएनन् । बालेन शाहले चुनाव जित्नुहुन्छ भने कुरा एकजनाको मुखबाट पनि सुनिएको थिएनन । तर उहाँ चुनाव जित्नुभयो । र, महानगरमा कसैले सोच्दै न सोचेका नयाँ नयाँ कामको सूरुवात गर्नुभएको छ । यी सब काम उहाँको 'नलेज'ले भएको हो । उहाँसँग नयाँ नयाँ प्राविधिक ज्ञान छन् । उहाँले आफ्नो ज्ञान र क्षमताले अहिले महानगर चलाई रहनु भएको छ । उहाँ स्वतन्त्र जित्नु भएको छ । उहाँसँग केही पनि छैनन् । न दल छ, न नेता छन् न कार्यकर्ता नै तैपनि उहाँ आफ्नो मिसनमा अगाडि बढी रहनु भएको छ । बालेन शाहले गर्न सक्नु हुन्छ भने जनमत पार्टीका सिके राउतले किन गर्न सक्नु हुन्न । सिके राउतसँग पनि भिजन छ, क्षमता छ र योजना छ । उहाँले मौका पाउनु भयो भने चमत्कार गरेर देखाई दिनुहुन्छ । काँग्रेस, एमाले र माओवादीले गर्न सकेनन् भने जनमतले पनि गर्न सक्दैन सोच गलत हो । गरेर देखाई दिन्छन् समयको इन्तजार मात्र छ । संसदमा नयाँ नयाँ शक्तिको जुन खालको उपस्थिति भएको छ । त्यसले अवश्य पनि परिवर्तन ल्याउने छ भन्ने कुरामा मलाई विश्वास छ ।

**तराई मधेशमा जनमत पार्टीको कुन दलसँग प्रतिस्पर्धा छ ?**


कुनै पनि दलसँग प्रतिस्पर्धा छैन बरु गठबन्धनसँग प्रतिस्पर्धा छ । तराई मधेशमा एउटा मात्र दल जनमत पार्टीले एक्लै चुनाव लडेको थियो । अरु सबै दल गठबन्धनबाट चुनाव लडेका थिए, हाम्रो प्रतिस्पर्धा गठबन्धनसँग छ । एक्ला एक्लै चुनाव लडेको भए पो थाह हुन्थ्यो कि कुन दलको कति क्षमता छ । सबै दल गठबन्धन बनाएर चुनाव लडे । त्यसको हिसाब गर्ने हो भने जनमत पार्टी एक्लैले सबै दलभन्दा बढी मत ल्याएको छ । गठबन्धनबाट चुनाव लडेर जति मत ल्याएको छैनन् त्यति मत जनमतले एक्लै ल्याएको छ । एक्ला एक्लै चुनाव लडेको भए जनमत पार्टी तराई मधेशमा एक नम्बरको पार्टी हुन्थ्यो । त्यसैले म भन्छु तराई मधेशमा जनमत पार्टीको कुनै दलसँग प्रतिस्पर्धा छैन ।

**तर तराई मधेशमा अधिकाँश ठाउँमा जसपासँग जनमतको प्रतिस्पर्धा रहेको देखिन्छ, के आउने दिनमा जनमत र जसपाको प्रतिस्पर्धा हुन्छ त ?**


अब त जसपा पार्टी नै रहेन । जसपा एमालेसँग मिलिसक्यो । हामीले जसपासँग होइन एमालेसँग प्रतिस्पर्धा गरेका थियौं । जसपा भन्ने पार्टी छ भने हामीलाई थाह पनि छैन । जसपा एक्लै प्रतिस्पर्धा आएको भए हामी त्यो पार्टीलाई मान्थ्यौं तर उ अर्को पार्टीसँग मिलेर हामीसँग प्रतिस्पधाृ गर्न आयो अनि हामीले जसपाले कसरी प्रतिस्पर्धी दल मान्ने ? जसपा हाम्रो प्रतिस्पर्धी दल नै होइन ।

**भनिन्छ, सिके राउतले विदेशी शक्तिले हरायो रे नि त ?**

यदि त्यसो हो भने सिके राउतसँग पनि बोराको बोरा पैसा आउथ्यो नि । अरु पार्टीका नेताहरुले १३-१४ करोड रुपियाँ खर्च गरे तर हाम्रा पार्टीका नेता तथा कार्यकर्ताहरु आआफ्नो घरबाट खाएर पार्टीका लागि खटे । यदि विदेश शक्तिको आडमा सिके राउतले चुनाव जित्नु भएको भए हामी पनि पैसाको खोलो बगाएर चुनाव जित्थ्यौं । सिके राउतलाई विदेशी शक्तिले हरायो भन्नु भनेको हारबाट घबराएकाहरुको बोली मात्र हो । यो देशमा काँग्रेस, एमाले, माओवादी, जसपालगायतका दलहरु विदेशको आडमा राजनीति गरिरहेका छन् । कोही भारतको नजिक छन् भने कोही चीनको नजिक छन् । ती देशको खुल्ला हस्तक्षेप यो देशमा देखिन्छ र यो मौका ती दलहरुले नै दिएका छन् तर जनमत पार्टीको नाम कतै सुन्नुभएको छैन । जनमत पार्टी नै एउटा यस्तो पार्टी हो जसले सबै देशसँग समान सम्बन्ध राखेको छ ।



# 'बेसरम रंग' गीत सम्पादन हुने



शाहरुख खान र दीपिका पादुकोण अभिनित फिल्म 'पठान' का केही दृश्य र गीत 'बेशराम रंग' परिवर्तन गरिने भएको छ। सेन्ट्रल बोर्ड फर फिल्म सर्टिफिकेशन (सीबीएफसी) ले २२ डिसेम्बरमा फिल्म निर्मातालाई परिवर्तनका लागि केही सुझाव दिएको हो। 'फिल्म रिलिज अगाडि हामीलाई परिमार्जित संस्करण बुझाउन निर्मातालाई आग्रह गरेका छौं' पठान विवादका बिषयमा सीबीएफसीका अध्यक्ष प्रशुन जोशीले भने। फिल्म नजिकबाट हेरेपछि सेन्सर बोर्डले यस्तो सुझाव दिएको हो। सीबीएफसीका अध्यक्ष जोशीले सेन्सर बोर्डले सधैं रचनात्मकता र दर्शकको संवेदनशीलताबीच सन्तुलन कायम राख्ने बताए। फिल्म २५ जनवरीमा चलचित्र घरमा रिलिज हुँदैछ। 'पठान' विवादमा फिल्मको 'बेशरम रंग'मा गीतमा दीपिकाले भगवा बिकिनी पनि हो। फिल्मको ओटीटी राइट्स करिब १०० करोडमा बिक्री भएको छ। विवादका बीचमा पनि 'बेशरम रंग' गीतले २ हप्तामा १५ करोड भ्युज पाएको छ। 'पठान' मार्फत शाहरुख करिव ४ वर्षपछि ठूलो पर्दामा फर्किएका हुन्। शाहरुख यसअघि २०१८ मा फिल्म 'जिरो' मा देखिएका थिए। २५० करोड फिल्म निर्माणमा निर्माताले लगाएका छन्। 'पठान' लाई गुजरातमा प्रतिबन्ध लगाउन माग गरिएको छ। विश्व हिन्दू परिषद् र बजरंग दलले फिल्म गुजरातमा रिलिज भएमा कुनै अप्रिय घटना भएमा थिएटर मालिक जिम्मेवार हुने बताएका छन्।

उनीहरु भन्छन्, 'फिल्मको गीतलाई अश्लीलता र केसर रंग जोडेर 'बेशराम रंग' नाम दिइएको छ। यो गीतले बलिउडको विकृत हिन्दू विरोधी मानसिकता देखाएको छ। हामी यी दृश्यहरू सहितको फिल्म गुजरातमा रिलिज हुन दिँदैनौं।

# सामन्था रुथ फिल्मबाट अलग

अभिनेत्री सामन्था रुथ प्रभु पछिल्लो समय चर्चा भन्दा बाहिर छिन्। अहिले धेरै प्रोजेटबाट उनले हात झिकेको खबर समेत बाहिर आइरहेका छन्। उनले आफ्नो स्वास्थ्यमा ध्यान दिन प्रोजेक्टबाट हात झिकेको बताइन्छ। हिन्दी वेब 'द फैमिली सिजन २' को ठूलो सफलतापछि सामन्थाले धेरै बलिउड फिल्म साइन गरेकी थिइन्। मिडिया रिपोर्टका अनुसार उनले अहिले धेरै निर्मातालाई लामो ब्रेक चाहिएको बताएकी छन्।

केही समयअघि सामन्थाले आफू मायोसाइटिस नामक रोगबाट पीडित भएको खुलासा गरेकी थिइन्। त्यसयता उनी सामाजिक सञ्जालमा खासै सक्रिय छैनन्। मिडिया रिपोर्टका अनुसार सामन्थाले विजय देवरकोंडासँग फिल्म 'कुशी' को छायांकन छिट्टै सक्नेछिन्। त्यसपछि उनी फिल्मबाट टाढा रहनेछिन्। उनका सहयोगीले उनले अब कुनै पनि नयाँ प्रोजेक्ट साइन नगर्ने निर्मातालाई जानकारी दिएका छन्। 'कुशी' शिव निर्वाणले निर्देशन गरेको रोमान्टिक फिल्म हो। फिल्म २०२३ को फेब्रुअरीमा रिलिज हुनेछ। सामन्थाको गतवर्ष नागा चैतन्यसँग सम्बन्धविच्छेद भएको थियो। सामन्थाले अक्टोबर २ मा सामाजिक सञ्जालमार्फत आफ्नो सम्बन्ध विच्छेद भएको जानकारी दिएकी थिइन्। विवाहअघि सामन्था र नागा चैतन्यले करिब तीन वर्ष एक अर्कालाई डेट गरेका थिए। त्यसपछि दुबैले हिन्दू र क्रिस्चियन रिवाजअनुसार विवाह गरेका थिए।






प्रोफाइल



# संसदसम्म रेखा यादवको संघर्षमै यात्रा

'बस्यौ भने निदाउँछौं, दौडियौ भने लक्ष्यमा पुग्छौं' यो कुरा नेपाल सद्भावना पार्टीका पुरानो नेता स्व. रामनारायण यादवले आफ्नो छोरी रेखा यादवलाई भन्नु हुन्थ्यो । ३४ वर्षदेखि निरन्तर राजनीतिमा रहनु भएका रेखा यादवका बुवाले मात्र होइन, श्रीमान् राजकुमार थापाले पनि यही कुरा रेखा यादवलाई भन्नुहुन्छ । त्यही भएर रेखा यादव आफ्नो अहिलेसम्मको यात्रामा कहिले विश्राम लिनु भएन र आफ्नो लक्ष्यको एक खुड्किला पार गर्नुभएको छ । लामो संघर्षपछि उहाँ जनता समाजवादी पार्टी नेपालबाट प्रतिनिधि सभामा समानुपातिक सदस्य बन्नुभएको छ ।

४८ वर्षिय रेखा यादव स्व.गजेन्द्रनारायण सिंहले स्थापना गर्नुभएको नेपाल सद्भावना परिषद्देखि नै राजनीतिमा लाग्नु भएको हो । त्यो बेलादेखि हालसम्म निरन्तर राजनीतिमै रहनु भएको छ । रेखा यादवको नाम गणतन्त्र आएपछि भएको हरेक चुनावमा समानुपातिकतर्फ उम्मेदवारमा आउथ्यो । तर कुनै न कुनै बाहानामा उहाँलाई समानुपातिक सांसद हुनबाट बन्चित गरिन्थ्यो । तर उहाँले कहिले हार मान्नु भएन । बुवाको त्यो मन्त्र उहाँले जहिले याद गर्नुहुन्छ, 'सुस्ताउनु हुँदैन, निरन्तर हिड्दै गर्नुपर्छ ।'

नेपाल सद्भावना पार्टीमा हुँदा २०६४ मा भएको संविधान सभा चुनावमा उहाँको नाम समानुपातिकको बन्द सूचीमा राखेको थियो । रेखा यादवलाई संविधान सभा सदस्य बनाउने भनि पार्टीमा निर्णय पनि भएको थियो । तर निर्वाचन आयोग जाँदा जाँदै बाटोबाट नै रेखा यादवको नाम गायब भयो । रेखा यादव भन्नुहुन्छ, ' त्यतिबेला मलाई शीर्ष नेताहरुले पनि बधाई दिनुभएको थियो । सबैतिर चर्चा पनि भयो तर निर्वाचन आयोग नपुग्दै बाटैबाट मेरो नाम गायब भएको थियो त्यसबेला मलाई लाग्यो कि जहाँ पार्टीको निर्णय गायब हुन्छ त्यहाँ राजनीतिक भविष्य सुरक्षित हुँदैन ।'

उहाँले तत्कालै नेपाल सद्भावना पार्टी त्याग्नु भयो र तत्कालिन मधेशी जनअधिकार फोरममा प्रवेश गर्नुभयो । २०७० मा भएको दोस्रो संविधान सभा चुनावमा उहाँलाई मोरगंबाट चुनाव लड्ने इच्छा थियो तर पार्टीका अध्यक्ष उपेन्द्र यादव आफै चुनाव लड्ने भएपछि उहाँ पछाडि हट्नु भयो । त्यतिबेला पनि उहाँको नाम समानुपातिकमा राखिएको थियो । त्यसमा पनि उहाँलाई पार्टीले चयन गरेन ।

२०७४ मा पनि त्यस्तै भयो । मोरङ्बाट चुनाव लड्ने सोच बनाउनुभयो । तर त्यहाँ राजनीतिक समिकरणमा पार्टीबाट राजकुमार यादवलाई टिकट दियो । रेखा यादवलाई भनियो, यसपटक राजकुमार यादवलाई चुनाव लड्न दिनुस् तपाई समानुपातिकबाट उम्मदवार बन्नुस् ।' रेखा यादवको नाम मधेशी महिला कोटाको दुई नम्बरमा राखेको थियो । एक नम्बरमा रेणु यादवको नाम थियो । त्यतिबेला पनि रेखा यादवको नाम समानुपातिक सदस्यमा आएन । तैपनि उहाँ हरेश खानु भएन । राजनीति यात्रालाई निरन्तरता दिनुभयो । पाँच वर्ष पार्टीको संगठनमा काम गर्नुभयो । २०७९ मंसिर ४ मा सम्पन्न चुनावमा उहाँको नाम समानुपातिक बन्द सूचीमा राखियो । उहाँ यसपटक बल्ल समानुपातिक प्रणालीबाट प्रतिनिधि सभा सदस्य बन्नुभयो । उहाँले भन्नुभयो, 'मैले राजनीतिमा जति अपहेलित भए, जति किनारा पारिए यदि मैले कुनै ठाउँमा सुस्ताएको भए आज यो लक्ष्य प्राप्त गर्न सक्दैन्थे । यो मेरो राजनीतिक संघर्षको देन हो ।'

**बुवाको प्रेरणा**

बुवा राजनीतिमा सक्रिय भएको बेला रेखा यादवलाई पनि विभिन्न राजनीतिक कार्यक्रम तथा आन्दोलनमा लग्नुहुन्थ्यो । उहाँ भन्नुहुन्छ, 'मलाई याद भएसम्म म पाँच कक्षा पढी रहँदादेखि नै आफ्नो बुवाको साथमा विभिन्न राजनीतिक कार्यक्रमहरुमा जाने गर्थे , विभिन्न आन्दोलनहरुमा भाग लिन्थे ।'

बाल्यकालदेखि नै रेखा यादवलाई कथा, कविता, गीतहरु लेख्न रुची थियो । घरमा कोही आउँदा रेखा यादवले आफूले लेखेका कुराहरु सुनाउनु हुन्थ्यो । त्यो देखेर उहाँका बुवा रामनारायण यादव भन्नुहुन्थ्यो, 'यो नेता बन्छ कि क्या हो ।' पढाई लेखाई, कविता तथा अन्य बाहिर विषयवस्तुमा रेखा यादवको रुची देखेर रामनारायण यादवले उहाँलाई लिएर कार्यक्रमहरुमा जानुहुन्थ्यो । राजनीतिक विषयवस्तुहरु छोरीलाई सुनाउनु हुन्थ्यो । घरमा नेताहरुको आउजाउ हुँदा रेखा यादवले त्यहाँ हुने कुराहरु ध्यानपूर्वक सुन्नुहुन्थ्यो । र, त्यहीबाट उहाँमा राजनीतिक चेतना आएको हो ।

**गजेन्द्रका साथ आन्दोलन**

रेखा यादव १५ वर्षको हुँदा काठमाडौं आएर गजेन्द्रनारायण सिंहको साथमा आन्दोलनमा भाग लिनुभएको थियो । त्यतिबेला त्यतिबेला उहाँ विराटनगर जतुवाको आदर्श बालिका माविमा नौ कक्षामा पढ्दै हुनुहुन्थ्यो । २०४७ मा स्कूल छाडेर उहाँ विराटनगरबाट काठमाडौंको आन्दोलनमा सहभागी हुन आउनु भएको थियो । तत्कालिन नेपाल सद्भावना पार्टीले सिंहदरवार घेराउ कार्यक्रम राखेको थियो । त्यो आन्दोलनमा पश्चिमबाट महिलामा अमृता आग्रहरी र पूर्वबाट महिलामा एकजना रेखा यादव मात्र हुनुहुन्थ्यो । अरु सबै पुरुष थिए । उहाँ आन्दोलनमा भाग लिएर भोलीपल्ट विराटनगर फर्किनु भएको थियो ।

रेखा यादवको यो गतिविधिबाट बुवा रामनारायण यादव निकै खुशी हुनुहुन्थ्यो तर आमा रत्नादेवी यादव दुखी हुनुहुन्थ्यो । यसरी आन्दोलन तथा कार्यक्रममा हिडेपछि विहे गर्नमा गाह्रो हुन्छ भन्दै उहाँका आमाले चिन्ता लिनुहुन्थ्यो । आन्दोलनका कार्यक्रमहरुमा भाग लिन जानबाट रोक्नुहुन्थ्यो तैपनि रेखा कुनै नकुनै बहानामा निस्किनु हुन्थ्यो । २०४९ मा एसएलसी पास गर्नुभएका रेखा यादव आइए पढ्नका लागि महेन्द्र मोरगंमा नाम लेखाउनु भएको थियो । कलेजमा पढ्न थालेपछि उहाँ नेपाल सद्भावना पार्टीको भातृ संगठन नेपाल विद्यार्थी संघमा आवद्ध भएर विद्यार्थी राजनीति औपचारिक रुपमा सुरु गर्नुभएको थियो ।

२०५३ मा उहाँ आइए पास गर्नुभयो । तर, राजनीतिमा सक्रिय भएको कारणले उहाँले पढाईलाई निरन्तरता दिनसक्नु भएन । त्यही बीचमा उहाँको विहे पनि भयो । गजेन्द्रनारायण सिंहको निधनपछि पार्टी विभाजन भयो । पार्टीमा निकै उथल पुथल भयो । त्यसले गर्दा रेखा यादवको पढाईमा डिस्टर्व भएको थियो ।

पछि उहाँले बीए पढ्न थाल्नुभयो । २०६० मा उहाँ बीए पास गर्नुभयो । नेपाल विद्यार्थी मञ्चमा पाँच वर्ष भन्दा बढी समयसम्म काम गर्नुभयो र उहाँ उपाध्यक्षसम्म पुग्नुभयो । त्यसपछि उहाँ नेपाल सद्भावना पार्टीको युवा मञ्चमा काम गर्न थाल्नुभयो । केन्द्रीय सदस्य भएर करिब ६ महिना त्यहाँ काम गरेपछि उहाँ सोही पार्टीको महिला मञ्चमा महासचिव हुनुभयो । २०६४ को पहिलो संविधान सभामा समानुपातिक सदस्य बनाउनका लागि धोका दिएपछि उहाँ फोरममा जानुभयो । त्यहाँ उहाँलाई महिला फोरममा केन्द्रीय सदस्यका जिम्मेवारी दिएको थियो । पछि महिला विभागको सदस्य पनि बनाएको थियो । पाँच वर्षसम्म महिला फोरममा रहेर काम गर्नुभयो । विजय कुमार गच्छदार पार्टी विभाजन गरेर गएपछि उपेन्द्र यादवले फोरमको केन्द्रीय समिति पुर्नगठन गर्दा रेखा यादवलाई केन्द्रीय सदस्य बनाइएको थियो ।

त्यसको एक वर्षपछि उहाँलाई राजनीतिक समितिको सदस्य बनाइयो । २०७५ मा उहाँलाई गैर भुगोल विशेष प्रदेशको इन्चार्ज पनि बनाइयो । उहाँले सो जिम्मेवारी सफलता पूर्वक निर्वाह गरिरहनु भएको छ । अहिलेको जसपामा पनि उहा राजनीतिक समितिमा पनि हुनुहुन्छ ।

**मधेश आन्दोलन**

पहिलो मधेश आन्दोलन हुँदा उहाँ नेपाल सद्भावना पार्टीमा नै हुनुहुन्थ्यो । उहाँको विहे भइसकेको कारणले उहाँ त्यतिबेला काठमाडौंमै हुनुहुन्थ्यो । उहाँ मैतिघर मण्डलमा हुने आन्दोलनको नेतृत्व गर्नुको साथै कहिले काहीं विराटनगरसम्म पनि पुग्नुहुन्थ्यो । दोस्रो मधेश आन्दोलनमा उहाँ फोरममा गइसक्नु भएको थियो । उहाँ त्यसमा पनि सक्रिय भएर लाग्नुभएको थियो । काठमाडौंदेखि मधेशका विभिन्न ठाउँमा गएर

बाँकी पृष्ठ १२ मा

# शिक्षा सुधारका लागि कसम खानु भएका अभिशेख



एकजना विद्वानले भनेका छन्, 'काम सवैले गरेको हुन्छ तर सफल हुने व्यक्तिहरु त्यही कामलाई फरक किसिमबाट गरेको हुन्छ ।' यो भनाइलाई सावित गरि अरुका लागि उदाहरणीय बन्नु भएको छ , बिराटनगरका अभिशेख घिमिरे । सार्वजनिक शिक्षा सुधार नगरी नेपाल समृद्ध नहुने र आंतकवादको अन्त्य बन्दुकले होइन, शिक्षाले हुन्छ भन्ने पक्षमा वकालत गर्नु हुने घिमिरेले सार्वजनिक शिक्षाको नीतिगत, पेसागत र संरचनागत सुधारको अभियानमा हुनुहुन्छ । नेपालका ७० जिल्लाका लगभग दुई हजार विद्यालयमा पुगिसक्नु भएको छ ।

**पढ्दै पढाउँदै**

३७ वर्षीय अभिशेख अविवाहित हुनुहुन्छ । सायद बिहे गरेको भए, नेपालभरीका विद्यालयसम्म जान उहाँलाई गाह्रै हुन्थ्यो होला । हालसम्म नेपालको ७० जिल्लाका हजारौ विद्यालयमा पुगिसक्नु भएका अभिशेखको पढाई लेखाई चाख लाग्दो छ । खोटाङ्गमा जन्मिनु भएका अभिशेखको प्राथमिक तहका हेडमास्टर हुनुहुन्थ्यो । बुवा हेडमास्टर भएको विद्यालयमा उहाँहाँ कक्षा ५ सम्म पढनुभयो । बुवाको अवकाशपछि उहाँ बुवा, आमा र तीनजना बहिनीसहित बिराटनगरको पोखरीयामा बसाइ सर्नुभयो । बिराटनगरमा उहाँको आफ्नै काकाले खोल्नुभएको एक नीजी विद्यालयबाट कक्षा ८ उतीर्ण गर्नुभयो । त्यसपछि काकाकै साथीले खोल्नुभएको विद्यालयमा भर्ना हुनुभयो ।

यी सब कुरोको चाँजोपाँजो मिलाउने उहाँको काकाले गर्नु हुन्थ्यो । अभिशेख पढाइमा अब्बल नै हुनुहुन्थ्यो । एसएलसी सकिएकै भोलीपल्टदेखि त्यही विद्यालयमा पढाउन थाल्नुभयो । २०५९ सालबाट विद्यालयमा पढाउन थाल्नु भएको अभिशेख इन्टर पढ्न भर्ना हुनुभएका कलेजमा उहाँ दुई विषय मात्र पढ्नु हुन्थ्यो । त्यसपछि विद्यालयमा पढाउनु हुन्थ्यो । यसरी पढ्दै पढाउदै अंग्रेजी विषयमा स्नातक गर्नुभएका उहाँ २०७४ देखि शिक्षा सुधारको अभियानमा लाग्नुभएको छ । काठमाडौबाट अंग्रेजीमा स्नातकोतर गर्नुभएको अभिशेख पिचडी गर्ने तयारीमा हुनुहुन्छ । शिक्षाभित्रका विकृतिलाई बाहिर ल्याउँदा सुरुमा उहाँको विरोध शिक्षकहरुले नै गरेका थिए तर अहिले त्यो अवस्था नरहेको उहाँ बताउनुहुन्छ ।

**४० प्रतिशत विद्यालय बन्दको अवस्थामा**

विद्यालयको परीक्षा र शिक्षण सिकाइ प्रकृयामा व्यापक सुधारको खाँचो रहेको बताउनु हुने शिक्षाका अभियन्ता घिमिरे हालसम्ममा ५०औं हजार शिक्षकलाई तालिम र लाखौ अभिभावकसँग भेटघाट एवम् अन्तरक्रिया गरिसक्नु भएको छ । अहिलेका शिक्षामा व्यवस्थापकीय पक्षमा सुधार र भएको लगानीको सही सदुपयोग गर्ने वातावरण बनाइएन भन्ने अबको ५/१० वर्षभित्र अधारभूत तहका ४० प्रतिशत विद्यालय बन्द हुने उहाँको दावी छ ।

सरकारले लागू गरेको कार्यक्रम, 'पढदै कमाउदै' कार्यक्रमलाई राज्यको नीतीमा पार्न नीतिगत वकालत गर्नुभएका घिमिरे अमेरिकावाट प्रकाशित हुने 'द इन्साइड सक्सेस' को बिशेषाङ्कमा 'द मास्ट इन्फ्ल्युन्सियल थट लिडर २०२२' शीर्षकमा विश्वभरीका प्रभावशाली शिक्षा क्षेत्रको व्यक्तिहरुमध्ये २० जनामा पर्नुभएको छ । शिक्षामा देखिएका बेथिती र नीतिगत रुपान्तरणको आवश्यकतालाई महसुश गर्दै उहाँले २०७४ सालमा, बृहत् राष्ट्रिय शिक्षा सुधार अभियान नामक संस्थाको स्थापना गर्नुभयो । उहाँले स्थापना गर्नुभएको इन्टरनेसनल एसोसिएसन अफ एजुकेशनल लिडर नामक संस्थामा संसारभरका शिक्षा क्षेत्रका २० औ हजार अभियन्ताहरु जोडिएका छन् । अहिले नेपाल सरकारले विद्यालयहरुमा लागुगरेको 'पढदै कमाउदै'

बाँकी पृष्ठ १२ मा

# दुग्ध विकास बोर्डको आवश्यकता

सरकारले औचित्यताबारे प्रश्न उठाउँदै कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका विभिन्न संस्थान, बोर्ड, समितिलाई पत्र पठाएको छ । मन्त्रीपरिषद् तथा प्रधानमन्त्री कार्यालयले संस्थान, बोर्ड, समितिहरुको औचित्य कति छ, त्यसको आवश्यकता के छ, त्यसलाई बन्द किन नगर्ने लगायतका विषयमा स्पष्टिकरण दिनका लागि पत्र पठाएपछि ती बोर्ड तथा समितिहरु छलफलमा जुटेका छन् । प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयको १५ गतेको पत्र अनुसार बोर्ड, समिति र संस्थान खारेजीबारे छलफल गरेर राष्ट्रिय दुग्ध विकास बोर्डलाई पत्र पठाउन भनेको छ । पत्रमा ' कायम रहनुपर्ने भए सो को औचित्यता सहित तयारी' गर्न भनिएपछि बोर्डले सरोकारवाला निकायसँग छलफल गरेको हो । छलफलको क्रममा कुनै पनि सरोकारवालाहरुले बोर्डको औचित्य छैन, यसलाई बन्द गर्नका लागि कसैले पनि सल्लाह दिएनन् । बरु सरोकारवालाहरुले सरकारको त्यो पत्रको विषयमा आपत्ति नै जनाए ।

पशु सेवा विभागकी महानिर्देशक सम्झना काफ्लेले दुग्ध विकास बोर्ड आवश्यकता भएरै बनाइएको भन्दै अहिले पनि यसको आवश्यकता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बोर्ड अहिले पनि आवश्यक छ । बोर्डको विषयमा कहिल्यै पनि बाहिर नकारात्मक कुरा सुनिएको छैन ।" कृषि तथा पशुपन्छी मन्त्रालयका सहसचिव रामनन्दन तिवारीले बोर्ड आवश्यक छ भन्नेमा मन्त्रालय सकारात्मक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, " बोर्ड खारेज होस भन्ने पक्षमा हामी छैनौं । सम्बन्धित निकायमा मन्त्रालयबाट सकारात्मक पहल हुन्छ ।" छलफलका क्रममा डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहालले बोर्डको औचित्यबारे सरकारले सोध्नु नै गलत भएको बताउनुभयो । उहाँले भन्नुभयो, "बोर्ड हाम्रो अभिभावक हो । हामीलाई यो चाहिन्छ । बोर्डलाई अझै बलियो बनाउनुपर्ने अहिलेको आवश्यकता हो ।" नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले बोर्ड सरोकारवाला निकायको छलफल र बहस गर्ने थलो भन्दै सरकारले औचित्यबारे प्रश्न गरेकोप्रति आपत्ति जनाउनुभयो । विश्वका विभिन्न मुलुकमा दुग्ध सम्बन्धी बोर्ड छन् र राम्रो काम गरिरहेका छन् । हिजो दुग्ध क्षेत्रको विकास नहुँदा र लगानी नहुँदा बोर्ड स्थापना गरिएको थियो । अहिले यसको विकास हुँदा झन बोर्ड नहुने कुरा सोच्नै नसकिने उहाँले बताउनुभयो । उहाँले बोर्डको कमीकमजोरी भए सच्चाएर जानुपर्ने तर खारेजीको विषय सोच्न नसकिने धारणा राख्नुभयो । दुग्ध विकास संस्थानका महाप्रबन्धक सञ्जीव झाले कृषि क्षेत्रमा सबैभन्दा ठूलो योगदान रहेको दुग्ध क्षेत्र हेर्ने बोर्ड खारेज गर्ने बारेमा सोच्नै नसकिन धारणा राख्नुभयो । बोर्ड खारेजीको कुराले किसान र उद्योगीलाई ठूलो क्षति भएको बताउँदै उहाँले यसलाई अझ सुदृढ गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष अम्मर कुँवरले आवश्यकता भएर नै बोर्ड स्थापना भएको र यसलाई अझै बलियो संस्थाको रुपमा विकास गर्नुपर्ने बताउनुभयो । बोर्डको आवश्यकता भएर नै यो स्थापना गरिएको हो । यसको आवश्यकता अहिले थप बढेको छ । त्यसैले खारेजी वा औचित्यताको यहा प्रसँगै आउँदैन । बोर्ड नभए दुग्ध क्षेत्र पछाडि धकेलिने अधिकाँशको धारणा थियो । नेपाल डेरी साइन्स एसोसिएसनका अध्यक्ष टेकबहादुर थापाले बोर्ड खारेजीको कुरा गर्नुभन्दा थप बजेट बढाउनुपर्नेमा जोड दिनुभयो । सरकारले खारेजी होइन बजेट बढाएर जानुपर्छ । बजेट नहुँदा बोर्डले काम गर्न सकेको छैन । पशु सेवा विभागका उपमहानिर्देशक बरुण शर्माले भाविष्यका लागि पनि दुग्ध विकास बोर्ड आवश्यक रहेको बताउनुभयो । उहाँले पालिका बोर्डसमेत स्थापना भइरहेको भन्दै समन्वयनका लागि पनि बोर्डलाई खारेजी भन्दा थप बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

कृषि मन्त्रालयका वरिष्ठ पशु विकास अधिकृत प्रदीप भट्टराईले बोर्ड नहुँदा किसानलाई असर गर्ने बताउनुभयो । उहाँले बोर्डलाई खारेज गर्ने कुरा अहिले सोँच्न नसकिने र यसले दुग्ध किसान क्षेत्रलाई ठूलो असर गर्छ । सबैको सुझावपछि बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्र प्रसाद यादवले बोर्डले आफ्नो तर्फबाट राम्रो काम गरिरहेको भन्दै यसको आवश्यकता रहेको बताउनुभयो । बोर्ड हिजो आवश्यक भएर स्थापना भएको र अब पनि चाहिन्छ । कार्यक्रममा बोर्डले गरेका काम र बोर्ड किन आवश्यक छ भन्नेबारेमा बोर्डका उपकार्यकारी निर्देशक डा. बालक चौधरीले प्रष्ट पार्नुभएको थियो ।

# कोरियाबाट आइपुगे गाई र साँढे

कोरियाबाट प्राप्त उन्नत जातका गाई तथा साँढे (बच्छा-बाच्छी) किसानलाई वितरण गरेको छ । हेफर इन्टरनेशनल कोरियाले नेपाललाई दिएको सो गाई-साँढे हेफर इन्टरनेशनल नेपालको पहलमा नेपाल पुस ७ गतेदेखि नेपाल आउन सुरु गरेको हो । कोरियाको कृषि, खाद्यतथा ग्रामीण मामिलामन्त्रालयको स्वीकृतिमा हेफर इन्टरनेशनल नेपाल र हेफर इन्टरनेशनल कोरियाको सहयोगमा विभिन्न लटमा पुस १३ गतेसम्म साँढे र गाई नेपाल आइपुगेको हो । नडब्ल्युप राष्ट्रिय कृषि सहकारी महासंघ र सियोल दुग्ध सहकारी कोरियाको साझेदारीमा हेफर कोरियाले यी गाई र साँढे खरिद गरिएको हो ।

त्यसमध्ये ५७ वटा साँढे र गाई सिन्धुलीका कमलामाई नगरपालिका किसानलाई वितरण गरिएको हो ।

तीन पटक गरेर छवटा उन्नत जातका साँढे र ५७ वटा कोरली गाई गरी ६३ वटा कोरली गाई र बहर नेपाल ल्याएर किसानलाई वितरण गरिएको हो । होलिस्टिन फ्रिजनका २२ वटा कोरली गाई अझै आउन बाँकी रहेको छ । उत्पादनको हिसाबले कोरियाका परीक्षण भएका दुईवटा बहर पनि केही दिनपछि आउने हेफर इन्टरनेशनल नेपालले जनाएको छ । नेपालमा रहेको ७३ लाख गाईमध्ये करिब २० प्रतिशत मात्रै गाई उन्नत जातका रहेका छन् । नेपालमा रहेका गाईको नश्ल सुधारका लागि यतिको संख्यामा उन्नत जातका गाई तथा साँढे नेपाल ल्याइएको कृषि मन्त्रालयका प्रवक्ता डा.प्रकाश सञ्जेलले बताउनु भयो । स्थानीय गाई लोप हुन नदिनको लागि राष्ट्रिय पशु प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्र र पशु सेवा विभागले स्थानीय गाईको अनुवंशिक स्रोतहरुको संरक्षण गरी नश्ल सुधारको काम गरिरहेको छ । नेपालमा दूध उत्पादन बढाउन र त्यसमा आत्मनिर्भर हुनका लागि उन्नत जातको गाई तथा साँढे ल्याइएको कृषि मन्त्रालयले जनाएको छ । कोरियाबाट आएका गाई जेनेटिक रुपमा उच्च उत्पादकत्व भएका बहरलाई न्युक्लियस हटको रुपमा स्थापना गरेर उत्पादन बढाउने उद्देश्य सरकारको रहेको छ । कोरियाको गाईले प्रतिदिन ३२ लिटरसम्म दूध दिन्छन् । नेपालमा पनि त्यो जेनेटिक पुललाई न्युक्लेस हटको रुपमा स्थापना गरे अबको लागि गाईको एनएलबीओलाई चाहिने कोरियन साढेहरुलाई कोरियन गाईहरुबाट जन्मेको बाच्छोहरुलाई बिल्डिङ कार्यालय पोखरा र लहानमा लगेर सिमेन संकलन गर्ने र राष्ट्रिय क्याटल हटलाई जेनेटिभ सुधार गर्ने उदेश्यले ल्याइएको कृषि मन्त्रालयले जनाएको छ ।

# धनियाँको पात बेचेर वार्षिक चारलाख आम्दानी

तुलसीपुर उपमहानगरपालिका-१५ धम्कापुर ४२ वर्षीया स्यानी चौधरीले व्यावसायिक तरकारी खेती गरेको लामो समय भयो । व्यावसायिक धनियाँ खेतीमार्फत् आत्मनिर्भर बन्नुभएकी उहाँले सफल महिला किसानको रुपमा आफूलाई स्थापित गर्न सफल हुनुभएको छ । उहाँले धनियाँको पात मात्रै बिक्री गरी वार्षिक रु चार लाखसम्म बचत गरिरहनुभएको छ । "धनियाँ बेच्न हरेक दिन बिहान छिटुवाभरी पात बोकेर घर-घर पुग्छु", उहाँले भन्नुभयो, "गत दसैं र तिहारमा अवधिमा धनियाँ बेचेरै रु डेढ लाखसम्म आम्दानी गरें ।"

२०५८ देखि धनियाँखेती गरे पनि विगत १४ वर्षदेखि भने उहाँ व्यावसायिक तरकारीमा लाग्नुभएको हो । उहाँले हाल १० कट्ठा जमिनमा स्थानीय जातको धनियाँखेती गरिरहनुभएको छ । वर्षमा मौसमी र बेमौसमी गरी दुई पटक धनियाँ खेती गर्दै आउनुभएकी उहाँले धनियाँ प्रतिमुठा २० रुपियाँमा बिक्री गर्नुहुन्छ । धनियाँ बेचेर भएको आम्दानीबाट उहाँले गाउँमा १७ कट्ठा चार धुर जमिन जोड्न सफल हुनुभएको छ । जसमध्ये १० कट्ठामा व्यावसायिक धनियाँ खेती र बाँकी जमिनमा अन्य खेती गरेको उहाँले बताउनुभयो ।

उहाँ मात्रै होइन यस क्षेत्रका अन्य थारु महिला पनि व्यावसायिक तरकारी खेतीमा लागेर आर्थिक रुपमा आत्मनिर्भर बन्दै गएका छन् । सोही ठाउँकी ५० वर्षीया रेखा चौधरी पनि व्यावसायिक तरकारीखेती गरी आर्थिक रुपमा आत्मनिर्भर बन्नुभएको छ । उहाँले १५ कट्ठा जग्गामा चम्सुर, पालक, गोभी, गोलभेडालगायतका तरकारी खेती गर्नुभएको छ ।

उहाँ पनि हरेक दिन बिहानै छिटुवामा तरकारी बोकेर पैदल हिंड्दै बिक्रीका लागि तुलसीपुर बजारसम्म पुग्नुहुन्छ । "पहिले हामी धानखेती गर्दथ्यौं, तर आम्दानी राम्रो हुने भएपछि विगत छ वर्षदेखि व्यावसायिक तरकारीखेतीमै छौं", उहाँले भन्नुभयो, "यसबाट वर्षमा तीन लाख रुपियाँ भन्दा बढी आम्दानी भइरहेको छ ।" तरकारीखेतीमा सिँचाइको अभाव हुने गरेको बताउँदै उहाँले हालसम्म यसका लागि कुनै तालिम नलिएको बताउनुभयो । सोही ठाउँकी ४० वर्षीया राजपति चौधरीले पनि १६ कट्ठा जमिनमा बन्दा, फूल गोभी, गोलभेडालगायतका तरकारीको व्यावसायिक खेती गर्दै आउनुभएको छ । दिनभर तरकारीखेतीमा व्यस्त हुने उहाँ पनि हरेक बिहानै छिटुवाभरी तरकारी बोकेर बिक्रीका लागि तुलसीपुरसम्म पुग्नुहुन्छ । उहाँले वार्षिकरुपमा साढे तीन लाख रुपियाँसम्म तरकारी खेतीबाट आम्दानी भइरहेको बताउनुभयो । "तरकारीखेतीबाट भएको आम्दानीले दुई जना छोराछोरीलाई कृषि प्राविधिक विषय पढाउन सजिलो भएको छ", उहाँले भन्नुभयो ।

सामान्य लेखपढ गर्नुभएकी उहाँ व्यावसायिक कृषिमा महिलालाई टिकाइ राख्न सिँचाइको सहज सुविधा हुनुपर्ने बताउनुहुन्छ । उत्पादनका लागि पानीको सुविधा र बिक्रीका लागि बजार, उचित मूल्य, बिउ र कीटनाशन औषधिका साथै तालिमको व्यवस्था स्थानीय निकायले गरी दिनुपर्नेमा उहाँको जोड छ ।

तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख स्यानी चौधरीले नगरपालिकाभित्र उत्पादन हुने सबै उत्पादनको उचित मूल्य, बजारीकरणका लागि आफूहरु लागेको जिकिर गर्नुभयो । किसानले तुलसीपुर बजारमा तरकारी बजार केन्द्र भवन निर्माण गरेको भए पनि सबैलाई पायक नपरेकोले महिला किसानहरु बिहानै छिटुवा बोकेर बजार जानुपरेको बताउनुभयो । उहाँले धम्कापुर गाउँलगायत उपमहानगरपालिकाका किसानलाई तरकारी खेतीमा आत्मनिर्भर बनाउन उपमहानगरबाट प्रोत्साहन गर्नका लागि कृषि कार्यक्रम सञ्चालन गरेको बताउनुभयो ।






## समाचार/विविध

### रेखाको...

आन्दोलनमा भाग लिनुहुन्थ्यो । फोरमले काठमाडौँ केन्द्रीत आन्दोलन गर्दा रेखा यादव यहाँ सक्रिय भएर लाग्नु भएको थियो । टुडिखेलमा भएको अनसन कार्यक्रमको नेतृत्व पनि गर्नुभएको थियो । संविधान संशोधनको मागका लागि भएको आन्दोलन होस् या नागरिकता लागि भएको आन्दोलन होस् । हरेक आन्दोलनको अग्रिम मोर्चामा रेखा यादव हुन्थ्यो ।

**साहित्य**

भारत भागलपुरको विद्यापीठबाट विद्यावाचस्पत्तीको उपाधी प्राप्त गर्नुएका रेख २०७६ मा हिन्दी साहित्यमा एमए पास गर्नुभएको छ । उहाँ हाल पीएचडीमा अध्ययनरत हुनुहुन्छ । उहाँले साहित्यमा पनि कलम चलाई रहनु भएको छ । बुवाको प्रेरणाबाट साहित्यमा संलग्न हुनुभएका रेखा यादवको एउटा उपन्यास ‘आत्मजा’ (नेपाली) प्रकाशित छ । त्यस्तै उहाँले कविता संग्रह ‘तुम विन’ (हिन्दी), धिरे से (हिन्दी), ‘सुस्तरी’ (नेपाली) प्रकाशित गर्नुभएको छ । मैथिली भाषाको कविता संग्रह ‘धिरे स’ तयारी अवस्थामा छ । चाँडै नै विमोचन हुने बताइएको छ । उहाको नेपाली भाषाको ‘बन्धन’ हिन्दी भाषाको ‘पैगाम’ उपन्यास र कविता संग्रह ‘नारी एवं आँसु’ प्रकाशन्मुख रहेको छ । उहाँ राजनीतिमा सक्रिय रहे पनि राती १० वजेदेखि १ वजेसम्म लेख्ने समय छुट्याउनु भएको छ । दिनभर उहाँ राजनीतिमा सक्रिय रहनु हुन्छ । उहाँ भन्नुहुन्छ, ‘यी सब काममा मेरो श्रीमान राजकुमार थापाको ठूलो सहयोग रहेको छ, यदि उहाँको सहयोग नरहेको भए म यहाँसम्म पुग्न सक्दैन्थे ।’

**विवाह**

२०५६ सालमा उहाँको विवाह राजकुमार थापासँग मागी विवाह भएको हो । उहाँका बुवा रामनारायण यादव भारतको वनारसमा अध्ययन गरिरहँदा त्यहाँ भक्तपुरका गणेशराज थापासँग चिनजान भएको थियो । त्यो चिनजानपछि गणेशराज थापाले आफ्नो छोरा राजकुमार थापाको विवाह रामनारायणका छोरी रेखा यादवसँग गराउनु भएको थियो ।

रेखा यादवको दुई छोरी छन् । जेठी छोरी रितिका थापा चीनमा एमबीबीएस अध्ययन गरिरहेकी छिन् । कान्छी छोरी डिएभीमा कक्षा नौमा अध्ययन गरिरहेकी छिन् । उहाँका श्रीमान ल्याब टेक्नेसियन हुनुहुन्छ तर भक्तपुरमा खेती किसानी गर्नुहुन्छ । रेखा यादवको ललितपुरमा पनि घर छ ।

**जागिर**

रेखा यादव पीएचडी अध्ययनमा हुनुहुन्छ तर उहाँमा जागिर गर्ने इच्छा कहिले जागृत भएन । जागिरका लागि उहाँलाई अफर नआएको होइन । तर उहाँ जागिरका लागि कहिले तयार हुनुभएन । बरु उहाँ एसएलसी पास गरेपछि पूर्वाञ्चल सेकेण्डरी स्कुलमा तीन वर्ष फ्रिमा पढाउनुभयो । गाउँघरमा हुने विकृति विसंगीको बारेमा बोल्दा, त्यसको विषयमा आवाज उठाउँदा सो स्कूलका प्रिन्सिपलले स्कूलमा पढाउनका लागि आग्रह गर्नुभएको थियो । उहाँ स्कूलमा पढाउन त जानुभयो तर बेतलबी ।

उहाँ त्यो स्कूलमा पढाउन थालेपछि जतुवालगायत त्यस वरिपरीका छोरी चेलीबेटीहरु पनि पढ्नका लागि स्कूल जान थाले । रेखाले पनि गाउँमा गएर छोरीहरुलाई पढाउनु पर्छ भनि कन्भिन्स गर्नुहुन्थ्यो । उहाँले नै कन्भिन्स गरेर स्कूल पठाएका कतिपय छोरीहरु कोही डाक्टर भएका छन्, कोही मास्टर भएका छन् । रेखा यादव भन्नुहुन्छ, ‘यो मेरो लागि तलबभन्दा धेरै ठूलो कमाई हो ।’ उहाँले मृत्युपछि शिक्षण अस्पताललाई आफ्नो शरीर दान गर्न पनि चाहनु भएको छ ।

**सम्मान**

१०० हिरो ओफ मधेश नेपाल, अन्तर्राष्ट्रिय समरचता मञ्च भारत, मुलधार महिला केन्द्र नेपाल, अजरबैजान विमन्स आइकेप अजरबैजान, अन्तराष्ट्रिय तथा गत सिर्जन भारत, नारी उत्थान केन्द्र नेपाल, वोमेन डेभलपमेन्ट कार्पोरेसन बंगाल, मिथिला संस्कृत समाज, कादम्बनी सरचता मञ्च भारत, उर्दु एकेडेमी नेपाल, अन्तराष्ट्रिय ओमेन आफ एक्सीलेंट अवार्ड क्यालिफोरणीया युएसए, महिला सञ्जाल नेपाल, एलिट पोएट्री क्लब भारत, हाफे मोताबर भारतद्वारा विभिन्न समयमा रेखा यादव सम्मानित हुनुभएको छ ।

### शिक्षा...

कार्यक्रमको नीतिमा पार्ने काम उहाँकै संस्था बृहत् राष्ट्रिय शिक्षा सुधार अभियानले गरेको हो ।

इन्टरनेशनल एसोसिएसन अफ एजुकेशनल लिडर नामक संस्थामार्फत हप्ताको २/३ दिन हुने सेमिनारमा, घिमिरेले युद्ध र हतियारमा हुने लगानी शिक्षामा गर्नुपर्छ भनेर बोल्ने सम्भवतः उहाँ पहिलो नेपाली हुनुहुन्छ । भारतमा ठूला ठूला ‘एजुकेशनल कन्फ्रेन्स’ भइरहन्छ तर हाम्रो नेपालमा गरिदैन, घिमिरे बताउनु हुन्छ । घिमिरे आफैले स्थापना गरेको उक्त संस्थामार्फत अल्पविकसित राष्ट्रका बालबालिकाको शैक्षिक हक र अधिकारको विषयमा समेत अन्तराष्ट्रिय समुदायसँग अपिल गर्दै आइरहनु भएको छ ।

**१-२ प्रतिशत मात्र राम्रा विद्यालय**

सार्वजनिक शिक्षाको खस्कदो अवस्था, परीक्षा प्रणालीमा सुधार, सिकाउने तरिकामा सुधार गर्नुपर्ने विषयमा गहन बहस चलाउने उद्देश्यका साथ शिक्षाका अभियन्ता घिमिरेले २०७४ सालमा पत्रकार सम्मेलन गरी नेपालभरीकै विद्यालयमा जाने उद्घोष गर्नुभएको थियो । जब विद्यालयहरुमा जान थाल्नुभयो । त्यसपछि एकहजार भन्दा बढीको विद्यालयमा एकसय भन्दा कम विद्यार्थी रहेको पता लगाउनुभयो । केही राम्रा विद्यालयहरु पनि छन । त्यस्ता १/२ प्रतिशत विद्यालयहरु मात्र रहेको दावी गर्नुहुने घिमिरेले कतिपय यस्ता पनि विद्यालयहरु छन् जहाँ साधन स्रोत छ, सम्पत्ति छ तर पनि विद्यालय जीर्ण अवस्था छन् ।

कतिपय यस्ता पनि विद्यालय छन् जहाँका नेतृत्वले राम्रो गर्न खोजेका छन् तर स्रोतको अभावमा सकिरहेको अवस्था छैन । यस्ता पनि बिद्यालय छन् जहाँको व्यवस्थापन राम्रो न रहेको र लगानीको दुरुपयोग मात्र भएको छ । जथाभावी अनुमती दिने तर स्रोत न दिइने कारणले पनि शिक्षामा रुपान्तरण न भएको, प्रधानाध्यापक अलि बढी उमेरको भएको, राजनीतिक दलसँग पकड बनाइ राखेको तर व्यवस्थापन समितिको कठपुतली पनि रहेकोले शिक्षामा सुधार न भएको उहाँको निष्कर्ष छ ।

सामुदायिक विद्यालय सुधार्नुपर्छ भनि राज्यको प्राथमिकता परेन । नीजी विद्यालय खुली सकेपछि, शिक्षाका हाकिमहरुको छोराछोरी उतै रहेकाले त्यतातिर खासै ध्यान दिएको देखिएन । असक्षम मान्छेहरुलाई शिक्षामा नियुक्ति गरियो । विद्यालयमा राजनीति हावी भयो । कोचिङ्ग पढेको भरमा शिक्षक भयो । राज्यको अनुदान एकद्वार प्रणालीबाट वितरण भएन । पहुँच भएकाले पाउँछन्, पहुँच नभएकाले पाउदैन । शिक्षण सिकाइको प्रक्रियामा खासै सुधार भएन । यस्ता कुरालाई नजिकबाट नियालेका घिमिरे यसअघि बेलायतबाट प्रकाशित, “द एक्सलिजेन्ड नामक पत्रीकाले विश्वभरिका उत्कृष्ट १०० शिक्षाकर्मीको सूचिमा समेत समावेश भइसक्नु भएको छ ।

**९० प्रतिशत हेडमास्टर असक्षम**

अहिलेका हेडमास्टरमध्ये ९० प्रतिशत असक्षम रहेको दावी गर्दै उहाँले विभिन्न कार्यक्रमहरुमा बोल्न थाल्नु भएको छ । अहिलेका अधिकाँस हेडमास्टर अलि बढी उमेर भएको हुनुहुन्छ । अधिकांशको प्रविधिमा पहुँच छैन तर उनीहरुकै राजनीतिमा बढी पक्कर भयो । विद्यालयहरुमा लगानी छ तर खेर गइरहेको छ । सरकारले विद्यालय सञ्चालनको अनुमती दिएको छ तर शिक्षक छैन । कतै भवन छैन कतै विद्यार्थी छैन । विद्यालयको कामकाज पारदर्शी छैन । अहिलेसम्म कतिपय बिद्यालयमा पुस्तक पुगेको छैन । व्यवस्थापन समितिका कठपुतली भए । शिक्षामा सुधार कसरी हुन्छ अभिषेशले चिन्ता व्यक्त गर्नुभयो ।

**हेडमास्टर बनाउने कोर्ष**

सक्षम शिक्षक उत्पादन गर्ने हो भने, विश्वविद्यालयबाट शिक्षक बन्ने कोर्ष र हेडमास्टर बन्ने कोर्षको सुरूवात गर्नुपर्छ । कोर्षको डिजाइन युनभर्सिटीले गर्नुपर्छ । कोचिङ्ग पढेको भरमा शिक्षक बनाउने प्रथा हटाउनुपर्छ । शिक्षक कर्मचारीको तलव उच्च हुनुपर्छ । राजनीतिक दलको संगठनलाई खारेज गर्नुपर्छ । प्रधानाध्यापकलाई पावरफुल बनाउनुपर्छ । तलबको दोब्बर भत्ता, शिक्षकको प्रमोशन र कारवाही गर्ने अधिकार हेडमास्टरलाई दिनुपर्छ । विद्यालयहरुमा सुधार अनुदान दिनुपर्छ । अहिले अनुगमनको जिम्मा स्थानीय तहलाइ दिएको छ तर उ आफै असक्षम रहेको उहाँको दावी छ ।

**अभिशेखको सपना**

नेपाल सरकारले आर्थिक सहयोग गरे, शिक्षा क्षेत्रमा लागेका विश्वका अभियन्ताहरुलाई नेपालमै भेला गराएर सामुदायिक विद्यालयको सुधारको लागि संसारलाई सन्देश दिने सोच अभिशेखको रहेको छ । अबको पाँच वर्षभित्रमा संयुक्त राष्ट्र संघमा गएर हतियार र युद्धमा होइन, शिक्षामा लगानी गर्नुपर्छ भनेर बोल्ने उहाँको सपना छ ।

### कसले...

मिलेर सरकार बनाउ तर ओलीले कुनै वास्ता गर्नुभएन । बसेर सल्लाह गरौला भनेर फोन काट्नु भएको थियो । देउवाले माओवादीका अध्यक्ष प्रचण्डलाई पनि फोन गरेर एकपटक पुनः बसौं छलफल गरौं मिलाउन सकिन्छ, मिलाउने ठाउँ छ भनेर बालकोटबाट फर्काउने प्रयास गर्नुभएको थियो तर उहाँले मान्नुभएन । बालकोटमा १६६ सांसदले माओवादीका अध्यक्ष प्रचण्डलाई समर्थन गरेका थिए । राष्ट्रपति कार्यालयसम्म पुग्दा १६९ सांसद पुगे । राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री नियुक्त गर्नुभयो ।

त्यसपछि देउवाको पक्षबाट अध्यक्ष प्रचण्डले गठबन्धनलाई धोका दिएको अभिव्यक्ति आउन थाले भने यता, प्रचण्डको पक्षबाट पनि देउवाबाट धोका पाएको अभिव्यक्ति जान थाल्यो । तर वास्तवमा भन्ने हो भने धोका दिने काम काँग्रेसका सभापति देउवाबाट नै भएको हो । पहिलो चरणमै प्रधानमन्त्री बनाउने भनि फकाई फुलाई प्रचण्डलाई राख्नुभएको थियो । तर जब प्रधानमन्त्री नियुक्त हुने बेला आयो अनि उहाँले प्रचण्डसँग गरेको प्रतिवद्धता बिर्सिनुभयो । माओवादीका अध्यक्ष प्रचण्ड खासगरी नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सहयोग गरेपछि मात्र शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुभयो । प्रधानमन्त्री बनाउन यत्रो सहयोग गरेका दलका नेतालाई चुनावपछि प्रधानमन्त्री बन्ने धोको रहन्छ नि । तर काँग्रेसले चुनावमा ठूलो पार्टी बनेपछि पछिल्ला कुराहरु सबै बिर्सियो ।

प्रचण्ड र माधवकुमार नेपालले यो कुरा देउवालाई पटक पटक सम्झाना गराई रहनुभएको थियो । तर पार्टीमा अन्य नेताहरुको दवाव देखाएर ती सबै कुरालाई पन्छाई रहनु भएको थियो । त्यसको नतिजा यस्तो भयो कि ‘भूईंको टिप्न खोज्दा गोजीको पनि झर्‌यो जस्तो भयो ।


**विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं ।**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भुक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार